# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष ११ | अंक ०६ | काठमाडौं | आइतबार, १६ वैशाख २०८१ | Prabhab National Daily | Sunday, April 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





MEDIA ALLIANCE NEPAL
बर्सेनि ८० लाख ज्यान धुवाँमा उड्दै
धूमपान गर्दाका असरहरु
स्वास्थ्य
धूमपानले फोक्सोको क्यान्सर, स्ट्रोक, क्रोनिक ब्रोङ्काइटिसजस्ता घातक रोगहरू निम्त्याई तपाईंको फोक्सो र भविष्य दुबै कालो बनाउँदै छ ।
परिवार
धूमपान गर्ने क्रममा तपाईंका बच्चाहरू पनि धूमपान गर्न सिक्दै छन् । तपाईसँगै, तपाईंको वंश नष्ट हुँदै छ ।
मनोविज्ञान
धूमपानको लतले गर्दा चिन्ता र डिप्रेसनजस्ता मानसिक रोगले तपाईंलाई सिकार बनाएर मार्दै छ ।
अर्थ
२० लाख नगद धूमपानको लतले २५ वर्षमै बर्बाद गर्दै छ ।
वातावरण
धूमपान गर्दा निस्कने विषालु रसायनहरूले हावालाई प्रदूषित बनाई जलवायु परिवर्तन गर्दै छ । तपाईंसँगै धूमपानले वातावरणलाई पनि मार्दै छ ।
धुमपान स्वास्थ्यको लागि हानिकारक छ।

प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ अंक ०६ काठमाडौं आइतबार, १६ वैशाख २०८१ Prabhab National Daily Sunday, April 28, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

# सुर्तीजन्य वस्तुको कर वृद्धि रोक्न सरकार र उत्पादकहरूको साँठगाँठ !

- धूमपानका कारण मुलुकलाई बर्सेनि ५० अर्ब रूपैयाँ आर्थिक क्षति
- सुर्तीजन्य पदार्थको सेवनबाट दैनिक ७३ नेपालीले गुमाइरहेछन् ज्यान
- सुर्तीजन्य पदार्थ खपतका कारण ज्यान गुमाउनेको सूचीमा नेपाल विश्वमा १९औं र दक्षिण एसियामा शीर्ष स्थानमा
- सुर्तीजन्य वस्तुमा नेपालले लगाएको करको दर दक्षिण एसियामै सबैभन्दा कम ३३ प्रतिशत
- कानुनविपरीत सुर्तीजन्य वस्तु उत्पादक कम्पनीलाई सरकारको सम्मान

■ **लक्ष्मण अधिकारी**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सार्वजनिक कार्यक्रममा 'सुर्तीजन्य पदार्थमा लाग्ने करलाई सन् २०२५ सम्ममा भारतको बराबर अर्थात् बिक्री मूल्यको ५८ प्रतिशत बनाउने' प्रतिबद्धता व्यक्त गरेका छन् । तर, आगामी आर्थिक वर्षको बजेटमा सुर्तीजन्य वस्तुका करको दर वृद्धि गर्न नदिन सम्बन्धित उद्योगीहरूले दबाब बढाउन थालेका छन् ।

गत आर्थिक वर्षको बजेट बनाउनुअघि तत्कालीन स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले पनि सार्वजनिक रूपमै 'यो वर्ष सुर्तीजन्य वस्तुमा कर व्यापक बढाउँछु' भनेका थिए । तर, बजेट पास हुँदा त्यसो भएन । त्यसपछिको पत्रकार सम्मेलनमा तत्कालीन मन्त्री बस्नेतले निरीहपन देखाउँदै भनेका थिए, 'मैले बढाउन कोसिस गरेको हो तर नेपालको ब्युरोक्रेसीको साँठगाँठ यस्तो रहेछ कि बढाउन चाहेर पनि सकिनँ ।'

यसले सुर्तीजन्य वस्तु उत्पादकहरूको जाल नेपालको राजनीतिक नेतृत्व र प्रशासन यन्त्रमा अत्यन्तै मजबुत हिसावले गाँसिएको पुष्टि गर्छ । जसले गर्दा संसद्ले पारित गरेको कानुनसमेत कार्यान्वयन गर्न सरकार असफल भइरहेको छ ।

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ अनुसार कसैले पनि सार्वजनिक स्थलमा धूमपान तथा सुर्ती सेवन गर्न नपाउने, १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्रीवितरण गर्न नपाउने, शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालयको कम्तीमा १०० मिटरभित्रबाट सुर्तीजन्य पदार्थ बिक्रीवितरण गराउन नपाउने व्यवस्था भए पनि सो ऐन बनेको एक दशक नाघिसक्दा पनि त्यसको पालना गराउन सरकार, स्थानीय प्रशासन तथा स्थानीय तह असफलजस्तै भएका छन् ।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालका संयोजक शान्तलाल मुल्मीका अनुसार नेपालमा सुर्तीजन्य पदार्थको सेवनबाट दैनिक ७३ जनाको ज्यान गइरहेको छ । यसै कारण विश्व स्वास्थ्य संगठनको सुर्तीसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले बर्सेनि सुर्तीमा कर बढाउँदै लैजानुपर्ने प्रावधान राखेको उनी बताउँछन् । 'उक्त अभिसन्धिको नेपाल पनि अनुमोदनकर्ता राष्ट्र हो । तर, नेपालका सुर्तीजन्य वस्तुका उत्पादकहरू षड्यन्त्रपूर्वक यससम्बन्धी करका दर वृद्धि नगराउन सफल भइरहेका छन्,' मुल्मीले भने ।

नेपालमा बर्सेनि सुर्ती सेवनमा मात्र करिब ४७ अर्ब रूपैयाँ खर्च हुने गरेको छ र यसबाट उत्पन्न जोखिम तथा रोगका कारण हुने खर्च डरलाग्दो रहेको छ । सुर्तीजन्य पदार्थ नियन्त्रण नीति अध्ययन गर्ने संस्था टोकोनोमिक्सका अनुसार सुर्तीजन्य पदार्थ खपतका कारण ज्यान गुमाउनेको सूचीमा नेपाल विश्वमै १९औं स्थानमा र दक्षिण एसियामा शीर्ष स्थानमा छ ।

(क्रमशः पृष्ठ ५ मा)




# ५५ देशबाट लगानीकर्ता आउँदै

## १६०० जना सहभागी हुँदै, १५० आयोजना सोकेसमा

चीनबाट सबैभन्दा बढी २६५ जना तथा भारतका १४३, संयुक्त राज्य अमेरिकाका ३३, जापानका २८, संयुक्त अधिराज्यका १४, बंगलादेशका १३, युएईका १३ र जर्मनीका १० जना सहभागी हुँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** तेस्रो लगानी सम्मेलन आजदेखि सुरु हुँदै छ । सम्मेलनको संयोजन गरिरहेको लगानी बोर्डको कार्यालयले सम्मेलनको सम्पूर्ण तयारी सकिएको जानकारी दिएको छ ।

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने महत्त्वाकांक्षी लक्ष्यका साथ सरकारले लगानी सम्मेलन गर्न लागेको हो । सोमबारसम्म चल्ने दुईदिन सम्मेलनका लागि स्वदेश तथा विदेशबाट गरेर एक हजार ६०० जनाभन्दा बढीको सहभागिता सुनिश्चित भएको बोर्डले जनाएको छ ।

बोर्डले उपलब्ध गराएको विवरणअनुसार सम्मेलनका लागि दुई हजार ४०० भन्दा बढी व्यक्तिलाई निमन्त्रणा पठाइएको थियो । विभिन्न ५५ देशका लगानीकर्ता सम्मेलनका लागि आउँदै छन् । सम्मेलनका नेपालका ३८५ जनाको सहभागिता सुनिश्चित भइसकेको छ ।

त्यसैगरी, चीनका २६५, भारतका १४३, संयुक्त राज्य अमेरिकाका ३३, जापानका २८, संयुक्त अधिराज्यका १४, बंगलादेशका १३, संयुक्त अरब इमिरेट्स (युएई) का १३ र जर्मनीका १० जना सहभागी हुँदै छन् । दक्षिण कोरिया, अस्ट्रेलिया र मलेसियाका नौ-नौ जना सम्मेलनमा सहभागी हुन लागेका लगानी बोर्डले जनाएको छ । पाकिस्तानबाट आठ, सिंगापुरबाट ६, कतार र घानाबाट पाँच/पाँच, साउदी अरब, फ्रान्स र बहराइनबाट चार/चार जनाको सहभागिता रहने जनाइएको छ ।

त्यसैगरी, स्विजरल्यान्ड, फिनल्यान्ड, रुस, अस्ट्रिया, श्रीलंका र कोलम्बियाका तीन/तीनजना सम्मेलनका लागि नेपाल आउँदै छन् । फिलिपिन्स, कुवेत, क्यानडा, मौरिसस, बेलारुस र बेल्जियमबाट दुई/दुईजना सम्मेलनमा सहभागी हुने सुनिश्चित भएको छ । त्यसैगरी, इजिप्ट, नर्वे, इटाली, सेनेगल, नेदरल्यान्ड, पोल्यान्ड, इन्डोनेसिया, ताजकिस्तान, दक्षिण अफ्रिका, रोमानिया, मेक्सिको र साइप्रसबाट पनि सम्मेलनमा सहभागिता रहने छ । आयरल्यान्ड, स्लोभेनिया, भियतनाम, बोस्निया, मोरक्को, टर्की, भानुआटु, मौरिटानिया र हङकङबाट पनि सम्मेलनका सहभागी हुने सुनिश्चित भएको बोर्डले जनाएको छ ।

### १५० आयोजना सोकेसमा राखिँदै

लगानी सम्मेलनमा १५० आयोजना सोकेसमा राख्ने तयारी भएको बोर्डले जनाएको छ । पर्याप्त पुँजी, प्रविधि र मानव संसाधनका लागि सरकार र निजी क्षेत्रका साथै बाहृय लगानी पनि आवश्यक भएकाले समग्र देशको विकासमा योगदान गर्ने ठानिएका ती परियोजना सम्मेलनमा प्रस्तुत हुने छन् ।

सम्मेलनस्थलमा २३ प्रदर्शनी कक्ष (स्टल) राखिने छन् । सम्मेलनका क्रममा विभिन्न १९ परियोजनाका लागि आशयपत्र आह्वान गर्न लागिएको छ । आशयपत्र आह्वान गरिने, सोकेस गरिने, मार्केट साउन्डिङ गरिने र निजी क्षेत्रबाट गरी कूल १५० परियोजना प्रस्तुत हुने बोर्डको भनाइ छ ।

सम्मेलनमा सबैभन्दा धेरै ऊर्जा क्षेत्रका ३१ वटा आयोजना समावेश गरिएका छन् ।

(क्रमशः पृष्ठ ५ मा)

नेपालमा लगानी गर्न सक्षम लगानीकर्ता पहिचान गर्नुपर्छ । लगानी डुब्न नदिने कुराको विश्वस्तता तुल्याउनुपर्छ । हामीले आवश्यक परेको खण्डमा कानुन एक घण्टामा फेर्न सक्ने हैसियत राख्छौं । मानसिकता र प्रवृत्ति पुरानै बोकेर बसेपछि रूपान्तरणमा केही गर्न सकिन्न । मुलुकमा लगानीको वातावरण बनाउने हो भने आमजनता, राजनीतिक र कर्मचारीतन्त्र हालको बुझाइ र प्रवृत्ति बदल्नुपर्छ ।

■ **सुरेन्द्रप्रसाद पाण्डे**
**पूर्वअर्थमन्त्री**

सबै कानुन बनाउन सकिएको छैन, आवश्यक बाँकी कानुन बनाउनुपर्छ । ठूला आयोजना सञ्चालनमा लागि लगानी बोर्डको क्षमता बढाउनुपर्ने छ । एकद्वार प्रणालीलाई साँच्चै व्यवहारमा लागू गर्नुपर्छ । सार्वजनिक-निजी साझेदारीमा वैदेशिक लगानी ल्याउने हो भने निजी-सार्वजनिक साझेदारीका ऐनका कतिपय प्रावधान मिलाउनुपर्ने हुन्छ ।

■ **डा. युवराज खतिवडा**
**पूर्वअर्थमन्त्री**

**सन्दर्भः वैदेशिक रोजगार**

# घरेलु श्रमिक पठाउन युएईले गरेको प्रस्ताव ओझेलमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बेवास्ताले संयुक्त अरब इमिरेट्स (युएई) बाट घरेलु श्रमिक पठाउन माग गर्दै आवश्यक सम्झौताका लागि गरेको प्रस्ताव ओझेलमा परेको छ। आवश्यक सेवा सर्तहरूको सम्बोधन हुने र सुरक्षाको ग्यारेन्टीसहित युएईले घरेलु श्रमिक लैजान फागुन दोस्रो साता औपचारिकरूपमा पठाएको प्रस्ताव अहिले मन्त्रालयमा त्यत्तिकै थन्क्याइएको बताइएको छ ।

घरेलु श्रमिकको सुरक्षा र उनीहरूले पाउने सेवासुविधा तथा पारिश्रमिकका सम्बन्धमा सरकार-सरकारबीच (जिटुजी) सम्झौता गरेरै लैजाने गरी प्रस्ताव आए पनि कुनै प्रक्रिया अघि नबढाइएको मन्त्रालयका एक अधिकारीले बताए । उनका अनुसार युएईका सरकारी अधिकारीहरूले घरेलु कामदार उपलब्ध गराउन गरिएको प्रस्तावका सम्बन्धमा चासो राख्दै आएका छन् । युएईले घरेलु श्रमिक लैजान आवश्यक प्रोटोकल बनाएर अघि बढ्न तयार रहेको भन्दै सम्झौता गर्न प्रस्ताव गरेको छ,' ती अधिकारीले भने, 'तर सत्ता समीकरणमा आएको फेरबदलका कारण कुनै प्रक्रिया अघि बढ्न सकेन, अहिले मन्त्रीज्यूको प्राथमिकता अन्य विषयमा रहेकाले उक्त प्रस्ताव त्यत्तिकै थन्क्याइएको छ ।'

विभिन्न क्षेत्रमा द्विपक्षीय सम्झौतामार्फत नै श्रमिक पठाइरहेको नेपालले घरेलु श्रमिक पठाउने सम्बन्धमा विभिन्न सर्तसहितको सम्झौता हुनुपर्नेमा जोड दिएपछि युएईबाट सम्झौताका लागि आवश्यक मस्यौदा आएको बताइएको छ । 'घरेलु श्रमिकको सन्दर्भमा युएईमा गत फेब्रुअरी १२ अर्थात् माघ २९ गते भएको 'अबुधाबी डायलग'मा नेपाली पक्षसँग भएको साइडलाइन वार्तापश्चात् युएईले आवश्यक सम्झौताका लागि तयार रहेको सन्देशस्वरूप मस्यौदा पठाएको हो,' ती अधिकारीले भने ।



घरेलु श्रमिकका लागि आधारभूत पारिश्रमिक, सामाजिक सुरक्षा, बिमालगायत विभिन्न सेवासुविधाको ग्यारेन्टी हुनुपर्नेमा सरकार प्रस्ट छ । अहिले सम्झौता गरिहाल्ने भन्दा पनि गम्भीर ढंगले अध्ययन गरेरमात्रै निर्णय गर्नु उचित हुन्छ ।

■ **गोविन्दप्रसाद रिजाल**
**प्रवक्ता, श्रम मन्त्रालय**

उक्त वार्तामा घरेलु श्रमिकको सुरक्षाको ग्यारेन्टी गर्ने विश्वास दिलाउँदै युएईले नेपालबाट घरेलु श्रमिक पठाउने बाटो खुला गर्न आग्रह गरेको थियो । छुट्टै प्रोटोकल निर्माण गरी घरेलु कामदारको सम्पूर्ण लागत खर्च व्यहोर्ने र सुरक्षाको ग्यारेन्टी गरी पठाउने सम्बन्धमा तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारी सकारात्मक देखिएपछि युएईले औपचारिक प्रस्ताव राखेको उनको भनाइ छ ।

घरेलु श्रमिक पठाउन आवश्यक सम्झौता गरौं भन्ने प्रस्तावसहित प्राप्त मस्यौदा अध्ययनकै चरणमा रहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोविन्दप्रसाद रिजालले बताए । 'घरेलु श्रमिकका लागि आधारभूत पारिश्रमिक, सामाजिक सुरक्षा, बिमालगायत विभिन्न सेवासुविधाको ग्यारेन्टी हुनुपर्नेमा सरकार प्रस्ट छ, अहिले सम्झौता गरिहाल्ने भन्दा पनि गम्भीर ढंगले अध्ययन गरेरमात्रै निर्णय गर्नु उचित हुन्छ,' उनले भने ।

युएईले यसअघि पनि नेपालबाट घरेलु कामदार पठाउन आग्रह गर्दै आएको थियो । पछिल्लो समय गत जेठमा नेपाल-युएईबीच भएको श्रम सम्झौता नवीकरणका क्रममा पनि युएईले नेपालबाट घरेलु श्रमिक पठाउने बाटो खुला गर्न आग्रह गरेको थियो । यद्यपि नेपाल सरकारले घरेलु श्रमिक लैजान इच्छुक मुलुकमा श्रमिकको सेवा, सर्त, सुविधासम्बन्धी छुट्टै कानुनी व्यवस्था हुनुपर्ने र सोहीअनुरूप सम्झौता गर्नुपर्ने अडान राख्दै आएको छ । सरकारले २०७२ सालदेखि संसद्को तत्कालीन अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको निर्देशनअनुसार मलेसिया तथा खाडी मुलुकमा घरेलु कामदार जान बन्देज लगाएको छ । कतार, साउदी अरेबिया, कुवेत, बहराइन र ओमानजस्ता गन्तव्य मुलुकले लामो समयदेखि नेपालबाट घरेलु श्रमिक खुला गर्न माग गर्दै आइरहेका छन् ।

त्यस्तै वैदेशिक रोजगारीमा घरेलु श्रमिक पठाउन लगाइएको बन्देज खुला गर्नुपर्ने र सरकारले आवश्यक निर्णय लिन ढिला भइसकेको आप्रवासी महिला कामदार समूह (आमकास) नेपालकी कार्यकारी निर्देशक विजया राई श्रेष्ठले बताइन् । 'सरकारले लगाएको बन्देजका कारण व्यक्तिको स्वतन्त्र हिँडडुल र काम गर्ने अधिकार कुण्ठित हुनुकासाथै घरेलु श्रमिकमाथि झनै जोखिम बढ्दै गएको छ,' उनले भनिन्, 'कानुनीरूपमा बन्देज भएपछि विभिन्न माध्यम प्रयोग गरी बिचौलियाले महिलाहरूलाई राम्रो आम्दानी हुने प्रलोभनमा पारी कुवेत, दुबई, ओमान, कतार, साउदी अरेबिया पुऱ्याउने गर्छन् ।' यसरी जाने महिलाहरू श्रम शोषणमा पर्ने, पारिश्रमिक नपाउने, मानव तस्करी तथा शारीरिक हिंसाको जोखिममा पर्ने गरेको उनको भनाइ छ ।

# उत्साहप्रद भएन मतदान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इलाम क्षेत्र नम्बर २ को प्रतिनिधिसभा र बझाङ प्रदेश १ को उपनिर्वाचनमा मतदान गर्नेको संख्या अघिल्लोपटकभन्दा घटेको छ । इलाममा करिब दुई प्रतिशत बिन्दु र बझाङमा करिब चार प्रतिशत बिन्दु कम मतदान भएको निर्वाचन आयोगले जनाएको हो । 'समग्रमा हेर्दा इलाममा दुई र बझाङमा तीन प्रतिशत बिन्दुले घटेको छ,' आयोगका सचिव रविलाल पन्थले भने ।

यसको कारण मतदाता नामावली आद्यवधिक नभएको र नाम भएकाहरू मतदानमा सहभागी नभएको हुनसक्ने पन्थले अनुमान गरे । गत निर्वाचनमा इलाम-२ मा ५९.७८ प्रतिशत मतदान भएकोमा यसपटक ५७.४४ मात्र मतदान भयो । बझाङको प्रदेश १ मा गत निर्वाचनमा ५२.९८ मतदान भएकोमा यसपटक ४९.१२ मा सीमित रह्यो । डा. बाबुराम भट्टराईको पार्टी नेपाल समाजवादी पार्टीले बझाङको उपनिर्वाचनमा मतदान नगर्ने निर्णय गरेको थियो । पार्टीको सचिवालय बैठकले बझाङको उपनिर्वाचनमा 'राइट टु नो भोट' को नीति अपनाउने निर्णय गरेको थियो । नेपाल समाजवादी पार्टीले उपनिर्वाचनमा इलाम-२ मा भने पहिचानवादी उम्मेदवार डकेन्द्रसिंह थेगिमलाई सघाउने निर्णय गरेको थियो ।

### उपनिर्वाचन शान्तिपूर्ण, नतिजा १२ घण्टामा आउने

इलाम र बझाङ दुवै क्षेत्रमा उपनिर्वाचन शान्तिपूर्ण भएको आयोगले जनाएको छ । इलाममा उपनिर्वाचन शान्तिपूर्ण, उत्साहजनक र सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

उनका अनुसार मतपेटिका गणनास्थलमा आउन सुरु भइसकेको छ । इलाममा इलाम नगरपालिकाको गौतमबुद्ध सभागृहमा मतगणना गरिने कार्यक्रम छ । यहाँ एक लाख १५ हजार ८८९ मतादाता थिए । २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा इलाममा ५७.४४ प्रतिशत मतदान भएको थियो । मतपेटिका मतगणनास्थलमा ल्याइसकेपछि राजनीतिक दल तथा उम्मेदवार सर्वपक्षीय सहमतिपछि मतगणना प्रारम्भ गरिने छ ।

२०७९ मंसिर ४ को प्रतिनिधिसभा निर्वाचनमा इलाम-२ बाट निर्वाचित नेपाल कम्युनिस्ट पार्टी एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको निधनपछि रिक्त उक्त निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको हो । उपनिर्वाचनमा १२ राजनीतिक दलका र सात स्वतन्त्रसहित १९ जना चुनावी प्रतिस्पर्धामा छन् ।

गत निर्वाचनमा नेम्बाङले कांग्रेसका डम्बरबहादुर खड्कालाई ११४ मतको झिनो अन्तरले पराजित गरेका थिए । एमाले र कांग्रेसजस्ता ठूला र अनुभवी दलसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता भर्खर जन्मिएका दलका उम्मेदवार पनि प्रतिस्पर्धामा छन् । यहाँ कांग्रेसबाट खड्का, एमालेबाट सुवासपुत्र सुहाङ, रास्वपाबाट मिलन लिम्बू मैदानमा छन् ।

(क्रमशः पृष्ठ ५ मा)



**इलाम–२ मा शनिबार भएको प्रतिनिधिसभा सदस्य उपनिर्वाचनको मतपेटिका संकलन गरिँदै ।** *तस्बिरः रासस*

| निर्वाचन क्षेत्र | गत निर्वाचन | यसपटक |
|---|---|---|
| इलाम प्रतिनिधिसभा–२ | ५९.७८ | ५७.४४ |
| बझाङ प्रदेशसभा–१ | ५२.९८ | ४९.१२ |

**गत निर्वाचन र शनिबारको उपनिर्वाचनमा भएको मतदान प्रतिशतमा ।**
*स्रोतः निर्वाचन आयोग*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वायु प्रदूषण विपद् रोकौं

लामो समय पानी नपर्दा काठमाडौंको वायु प्रदूषण बढ्दो छ । काठमाडौं वरपरका जिल्ला पनि घाम लाग्दासमेत धुम्मिएको देखिन्छ । दैनिक जीवनयापनमा आँखा पिरो हुने खालका वायुबारे सरकारले कुनै ध्यान दिएको छैन । यो एकप्रकारको विपद्उन्मुख प्रक्रिया हो ।

एयर क्वालिटी इन्डेक्समा शनिबार साँझ काठमाडौंको वायु प्रदूषण १७५ एक्युआई मापन गरिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार यो सूचकांक १५० देखि २०० पुगेमा सबै समूहका लागि अस्वस्थकर मानिन्छ । २०० भन्दा बढी भएमा जनस्वास्थ्य संकटकालको अवस्था मानिन्छ । ०–५० सम्म राम्रो सुरक्षित, ५१–१०० सम्म ठीकै, १०१–१५० सम्म निश्चित समूहलाई संवेदनशील, १५१–२०० सम्म अस्वस्थ, २०१–३०० सम्म धेरै अस्वस्थ र ३०१ भन्दा माथिलाई धेरै खतरा मान्ने गरिन्छ ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा नेपाल सरकारले निर्धारण गरेको एक्युआईको मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिने बताएको छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्चुम्बकीय तरंग, रेडियोधर्मी विकीरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीतिमा उल्लेख छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्सांकन गरिने उल्लेख छ ।

औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धुवाँ, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ । घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्यास, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणको प्रवर्द्धन गरिने र ऊर्जा किफायती भवन निर्माणमा जोड दिने नीति छ । काठमाडौं उपत्यकाको वायु साँच्चिकै हानिकारक र यसको गुणस्तर खस्किने क्रम तीव्ररूपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन आइरहेका छन् । यस्तो अवस्थामा सरकारले वायु विपद् रोक्न तुरुन्त पूर्वतयारी गर्नुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिंदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

क्रमशः

# समस्याग्रस्त नेपाली कम्युनिस्ट आन्दोलन



▶▶ श्यामल अधिकारी

कम्युनिस्ट पार्टीहरूको मुख्य काम पिछडिएका वर्गलाई शोषणमुक्त गराउनु हो र समाजमा र राज्यमा समान हैसियत प्राप्त गर्न संघर्षको नेतृत्व गर्नु हो । तर साढे सात दशकअघिको नेकपा स्थापनाकालका संघर्षका कार्यक्रम आज पनि उही रुपमा कायम छन् । नेकपा, खासगरी नेकपा माओवादीको तीव्र दबाबले घिसारिएर 'नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र बनाए पनि महिला, गरिब तथा दलित वर्गको उत्थान र आर्थिक सामाजिक हैसियतको सबलीकरण हुन सकिरहेको छैन ।

पुष्पलालको नेतृत्वमा सुरु भएको नेपाली कम्युनिस्ट आन्दोलनले ७५ वर्षको उमेर टेकेको छ । यसबीचमा यसलाई नानाभाँती रोग लागेका छन् र विचलित हुँदै, विखण्डित हुँदै, फाट्दै जुट्दै यसले अस्तित्व धानिरहेको छ । मानव समाजलाई अधिक मानवीय बनाउन, सामन्ती र पुँजीवादी शोषणबाट मुक्त गर्न, बढीभन्दा बढी स्वाधीन र स्वशासित बनाउन र धर्तीलाई मानव जातिको उत्कृष्ट वासस्थान बनाउने युगौंयुगदेखिका परिकल्पनाहरूलाई कार्ल मार्क्स र एगेल्सले निष्कर्षमा ल्याए र त्यसो गर्नु सम्भव छ भनी देखाए । यसले स्वतन्त्रताका अवधारणा र आकांक्षाहरूलाई नयाँ आयाम दियो । श्रमजीवी जनतालाई संगठित गरेर शोषणको जञ्जीरबाट उम्कने प्रयत्नहरूलाई यसले तीक्ष्णता दियो । यसले नै मुक्तियुद्धहरूको पक्षपोषण गर्दै साम्राज्यवाद र उपनिवेशवादलाई दुत्कार्‍यो ।

पहिले नेपाली कांग्रेसमै रहेका पुष्पलाल आदिले प्रजापरिषद् र कांग्रेसजस्ता क्रान्तिमा ऐतिहासिक योगदान गरिआएका पार्टीहरूबाट शोषणमुक्त समाजको निर्माण सम्भव नहुने निष्कर्षमा पुगेर नेपाली कम्युनिस्ट आन्दोलनको जग बसालेका थिए । सन् १९४८ को अगस्ट महिनामा कलकत्तामा स्थापना भएको नेपाल प्रजातन्त्र कांग्रेसको स्थापनाका सन्दर्भमा पुष्पलालले भनेका छन्- 'उक्त पार्टीका नेताहरूको आपसी झगडाको बाबजुद एक मौलिक कुरामा उनीहरूको मिलनबिन्दु भेटिन आएको थियो- त्यो हो भारतीय एकाधिकार पुँजीको सहयोगले राणाशाहीलाई हटाई नेपालमा यौटा यस्तो जनप्रिय सरकार गठन गराउनु जसबाट देशमा कम्युनिस्ट आन्दोलन रोक्न सकियोस् । उनीहरूको 'मुखपत्र'ले नेपालका तत्कालीन प्रधानमन्त्री मोहनशमशेर र भारतका तत्कालीन प्रधानमन्त्रीसँग नेपाली कम्युनिस्ट आन्दोलनको मुकाविला गर्नको निम्ति आफ्नो हात अघि बढाउने कुरालाई कबुल गरेको थियो । राणाशाही विरोधी आन्दोलन सम्पूर्ण सामन्ती व्यवस्था, विदेशी हस्तक्षेप र साम्राज्यवाद विरोधी आन्दोलनको रूपमा उठ्दा स्वयं उनीहरूको वर्गीय स्वार्थमा नै धक्का लाग्ने हुँदा राणाशाही विरोधी आन्दोलनलाई गुमराह गर्नको निम्ति उनीहरूद्वारा उक्त प्रचार गरिएको हो । उनीहरूको यस नीतिबाट असन्तुष्ट भई ती पार्टीका वामपन्थी कार्यकर्ताहरूले सन् १९४९ अप्रिल २२ का दिन नेपाल कम्युनिस्ट पार्टीको गठन गरी १५ सेप्टेम्बर १९४९ मा त्यसको स्थापनाको घोषणा गरे ।'

यसबाट स्पष्ट हुन्छ, नेपालको कम्युनिस्ट आन्दोलन घरेलु सामन्तवाद र विदेशी हस्तक्षेपको विरोधमा खडा भएको आन्दोलन थियो । तर कालान्तरमा गएर यस आन्दोलनमा घुसपैठ बढ्दै गयो र यसको एउटा भंगालो आफ्नो मूलधर्मबाट उछिट्टिएर कहिल्यै रुसी त कहिल्यै भारतीय र अमेरिकी शासकका हातको खेलौना बन्न पुग्यो । यहाँनिर पुष्पलाल नेतृत्वले तय गरेको संघर्षको मूल कार्यक्रम घरेलु सामन्तवाद र विदेशी हस्तक्षेप दुवैको विरोधका सन्दर्भमो नेकपाको पछिल्लो भूमिका नकारात्मक देखिन्छ ।

कम्युनिस्ट पार्टीहरूको मुख्य काम पिछडिएका वर्गलाई शोषणमुक्त गराउनु हो र समाजमा र राज्यमा समान हैसियत प्राप्त गर्न संघर्षको नेतृत्व गर्नु हो । तर साढे सात दशकअघिको नेकपा स्थापनाकालका संघर्षका कार्यक्रम आज पनि उही रूपमा कायम छन् । नेकपा, खासगरी नेकपा माओवादीको तीव्र दबाबले घिसारिएर 'नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र बनाए पनि महिला, गरिब तथा दलित वर्गको उत्थान र आर्थिक सामाजिक हैसियतको सबलीकरण हुन सकिरहेको छैन । गणतन्त्र कम्युनिस्ट पार्टीकै कार्यक्रम हो । यहाँसम्म ठीकै छ किनकि नेपाल गणतन्त्र भएको छ । अर्थात् सामन्तवादको सबैभन्दा ठूलो प्रतिनिधि राजतन्त्र समाप्त भएको छ । तर प्रतिनिधित्वको प्रश्नमा नेकपाहरूको संगठनका तलदेखि माथिसम्म अवस्था सोचनीय देखिन्छ । पार्टीहरूले पार्टी र राज्य सञ्चालनमा महिलाहरूको सहभागिता ३३ प्रतिशत पुर्‍याउन सकिरहेका छैनन् । दलितहरूको यथोचित प्रतिनिधित्वको प्रश्न झन् टडकारो हुँदै गएको छ । निश्चय नै सर्वोच्च नेताहरूका नजिक परेका केही सम्भ्रान्त महिला र दलित अनुहार हेर्न लायक छन् । तिनको व्यक्तिगत हैसियत केही हदसम्म बढे पनि तिनका समुदायको हालत गम्भीर किसिमले दयनीय छ ।

समाज र राष्ट्रलाई आर्थिक रूपमा अधिकतम स्वाधीन बनाउनु, राष्ट्रिय पुँजीको निर्माण र विकास गरी उद्योगधन्दालाई राज्यको संरक्षणमा हुर्काउनु र सामाजिक न्यायको सिद्धान्तअनुरूप न्यायपूर्ण वितरण प्रणाली स्थापना गर्नु कम्युनिस्ट पार्टीका अनिवार्य कामहरू हुन् । यी तीनवटै प्रश्नमा नेकपा असफल भएको छ । पहिलोमा निरन्तर बढ्दो नेपालको वैदेशिक ऋणलाई झार्ने कदम हुनुपर्ने थियो । त्यसो भएको देखिन्न । विदेशी ऋण पाएकामा गर्व गर्नेहरू शासनारुढ भए । दैनिक आवश्यकताका वस्तुहरूमा निरन्तर मूल्यवृद्धि भइरहँदा पनि आफ्ना कार्यकर्तालाई सडकमा उतारेर जबर्जस्त दबाब सिर्जना गर्न सकिन्थ्यो । त्यो पनि गरिएन । भूमिको न्यायपूर्ण वितरणको अवस्था ज्यूँका त्यूँ छ । सुकुम्बासी समस्या उस्तै छ । यसरी आधारभूत काम गर्नबाट वञ्चित भएका छन् कम्युनिस्ट पार्टीहरू । कम्युनिस्ट पार्टीहरूसँग जनमत त छ तर त्यस जनमतको कदर गर्ने विवेक उनीहरूसँग छैन । नामैले गर्दा उनीहरू यदाकदा एक हुन्छन् । जुँगाको लडाइँले छुट्टिन्छन् । एक-अर्कोलाई गद्दार, प्रतिक्रियावादी, प्रतिगमनको मतियार, अहंकारी आदि भन्ने गर्छन् । मानौं शिष्टता तिनका शब्दावलीमा छैन ।

नेपालका कम्युनिस्ट पार्टीको पछिल्लो रूपरंग हेर्न लायक छ । पन्ध्र वर्ष एमालेको महासचिव रहेका र त्यही नाताले प्रधानमन्त्रीसमेत भएका व्यक्ति आफू अध्यक्षमा हारेपछि अध्यक्ष पदमा दाबी गर्छन् । हारे पनि अध्यक्ष वा महासचिव हुन पाउने समाजवाद यहीँ छ । यही भएर त प्रतिनिधिसभाको चुनाव हारेकालाई राष्ट्रिय सभामा ल्याइन्छ । यसले कम्युनिस्ट पार्टीहरूको विश्वसनीयतामाथि ठूलो प्रश्नचिह्न उठाइरहेको छ । मुख्य कुरा सैद्धान्तिक हो र त्यहीँनिर नेपालको कम्युनिस्ट आन्दोलनले धरातल छोडेको हुन्छ । उनीहरूमाथि राजतन्त्रलाई उखेलेर फचाँक्ने बेला पञ्चायतको आगमनमा दीपावली गरेको आरोप त्यसै लागेको होइन । गम्भीर सैद्धान्तिक विचलनका दृष्टान्तहरू नभएका होइनन्, छन् । जनमत संग्रहमा नेकपा मालेको तर्फबाट भएको गल्ती यस्तैमा पर्दछ ।


मार्क्सवादी साहित्यमा आलोचनालाई राम्रो स्थान दिइएको छ । तर हामीकहाँ त्यो सैद्धान्तिक स्तरमा मात्र स्वीकार्य रहेको देखिन्छ । आलोचनालाई गालीको स्तरमा र फटचाइँलाई क्रान्तिकारिताको स्तरमा राखिँदा विश्व कम्युनिस्ट आन्दोलनमा थुप्रै कमजोरी रहेका देखिन्छन् । उदाहरणका लागि, बोल्सेभिक निर्मित सोभियत संघको ७० वर्षे शासनकालको अन्त्यमा त्यसका कारण खोज्दा छ वटा ल्याटिन अमेरिकी देशका कम्युनिस्ट पार्टीहरूले जुन निष्कर्ष निकालेका थिए, त्यो ध्यानयोग्य छ । उनीहरूले भनेका थिए, जोसेफ स्टालिनको शासन 'विथ डेमोक्रेसी थिएन, विदाउट डेमोक्रेसी' थियो । त्यसैले त्यो भत्क्यो ।

हामीकहाँका कम्युनिस्ट पार्टीहरूमासमेत डेमोक्रेसीको खोजी हुँदै छ । पार्टीमा आन्तरिक लोकतन्त्र बलियो नहुँदा बाहच लोकतन्त्र पनि जोखिममा पर्दछ । त्यसो हुँदा शासन गर्ने कलामा पनि ह्रास आउँछ । लामो समय एउटै व्यक्तिको नेतृत्वमा रहँदा पार्टीमा आकर्षण रहँदैन । यहाँ चार पाँच दशकदेखि महासचिव वा अध्यक्ष भएका कम्युनिस्ट पार्टीहरू पनि छन् । ती वास्तवमै नेपाली कम्युनिस्ट आन्दोलनका समस्या हुन् । यिनले पार्टीको लोकतान्त्रिकरण हुन दिएका छैनन् ।

नेपालमा कम्युनिस्टको पक्षमा राम्रो जनमत छ भन्ने कुरा जगजाहेर छ । तर दुर्भाग्यपूर्ण कुरा के छ भने आन्दोलनका नेताहरूले त्यस तथ्यलाई आत्मसात गरेका छैनन् । कुनै बहानामा पनि उनीहरू फुट्ने गर्छन् । सहकार्य र मोर्चाका विषयमा पनि उनीहरूमा भ्रामक धारणाहरू छन् । यसो हुनाले उनीहरूले लक्ष्य प्राप्त गर्न सक्दैनन् । धेरैवटा कम्युनिस्ट पार्टी हुनु र खास खास मुद्दामा सँगै नउभिनु प्रतिगामीहरूका लागि सुखद अवसर हो । नेपालमा त्यही भइरहेको छ ।

पुँजीवादीहरूले पनि कम्युनिस्ट आन्दोलनबाट सिकेर राज्यलाई लोक कल्याणकारी बनाए भने नेपाली कम्युनिस्टहरूले आफ्नै आन्दोलनबाट सिक्दा राम्रो हुने होइन र ? ७५ वर्ष पुग्नै लागेको यस अवसरमा हाल शासनारुढ र शासनबाट बाहिरै रहेर उग्राइरहेका नेपाली कम्युनिस्टलाई बधाई ! *रासस*

# लगानीको वातावरण बनाउन बुझाइ र प्रवृत्ति बदल्नुपर्छ



▶▶ सुरेन्द्रप्रसाद पाण्डे
पूर्वअर्थमन्त्री

सबैभन्दा पहिला हामीले यसअघिका लगानी सम्मेलनको गहन समीक्षा गर्नुपर्ने देख्छु । यसअघिका सम्मेलनमा भएका प्रयास, प्रतिबद्धता, कार्यान्वयन के-कस्ता रहे भन्ने विश्लेषण गरिनुपर्छ । विगतका प्रतिबद्धता कार्यान्वयनमा सफलता मिल्यो वा मिलेन भनेर मसिनोसँग समीक्षा गर्नुपर्छ ।

प्रतिबद्धता गरिएकामध्ये कुन परियोजनाको लगानी प्राप्ति भयो ? अथवा कुन परियोजनामा प्रतिबद्धताअनुसार प्राप्ति भएन भनेर गहन विश्लेषण आवश्यक छ । विगतमा भएका प्रतिबद्धताअनुसार प्राप्ति नहुनुमा हाम्रो क्षमता नपुगेको हो वा परिस्थितिभन्दा बाहिरका कारणले हो भन्ने समीक्षा गरौं । पर्याप्त लगानी भित्र्याउन सक्ने सम्भावना हुँदाहुँदै पनि हाम्रो प्रयास नपुगेको हो कि ? भन्नेबारे आत्मसमीक्षा गरौं ।

विगतमा भूकम्प र कोभिड-१९ महामारीका कारण विश्वभरकै अर्थतन्त्र अलमलमा थियो । हामीले लक्ष्यअनुसार काम गर्न नसक्नुको पछाडि त्यो पनि एउटा कारण हुन सक्छ तर त्यसमा मात्रै सीमित छैन । हाम्रो बहसभित्रकै कुरा पनि छ । जग्गा प्राप्ति, रूख कटान र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) जस्ता प्रारम्भिक चरणका काममै धेरै समय लाग्छ जसका कारण आयोजनाको समय र लागत बढ्दै जान्छ । कर्मचारीतन्त्रले पनि समयमा काम नगरी उल्झन खडा गर्छ ।

लगानीकर्तालाई सहज वातावरण बनाएर उनीहरूलाई यहाँ लगानीका लागि बाटो देखाउने हो तर हाम्रा संयन्त्रले लगानीकर्तालाई जोडबल गरेर उहाँ लगानी गर्न आउनूस् भन्छ कि भन्दैन ? भन्ने महत्त्वपूर्ण पक्ष हो । कुनै परियोजना निर्माण गर्छु भनेर लगानीकर्ता आए भने त्यसबाट व्यक्तिगत रूपमा कति फाइदा हुन्छ भन्ने मनोवृत्ति छ । त्यो हटाउनुपर्छ ।

हाम्रो राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र व्यक्तिगत लाभका पछि लाग्दा लगानीकर्ता स्वाभाविक रूपमा हतोत्साहित हुन्छन् र नेपालमा आउन खोजेको लगानी पनि अर्को देशतिर मोडिन्छ । राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, सञ्चारमाध्यम, हाम्रा न्यायिक निकाय र प्रशासनीक संयन्त्रको असहयोगबाट पनि लगानीकर्ताले नेपालमा लगानी गर्न नचाहेका हुनसक्छन् ।

सञ्चारमाध्यमले पनि नियतवश लगानीकर्ताप्रति नकारात्मक भाष्य सिर्जना गरिरहेका छन् । सानो स्वार्थका लागि सञ्चारमाध्यमले नकारात्मक कुरा लेखिदिन्छन् । लगानीकर्ताले उद्योगधन्दाका लागि गरेको लगानीले देशको अर्थतन्त्र कति सबल हुन्छ र रोजगारी सिर्जना हुन्छ भन्ने पक्षलाई सञ्चारमाध्यमले पनि हेर्न सकेका छैनन् । कुनै उद्योगी-व्यवसायीले विज्ञापन दिएनन् भने त्यसको विरुद्धमा लेखिदिन्छन् । जसकारण तयारी भइरहेको आयोजनासमेत प्रभावित हुन्छ ।

आयोजनास्थलका बासिन्दाले पनि असहयोग गर्छन् । जनतामा पनि गाउँमा आयोजना आयो भने व्यक्तिगत रूपमा तत्काल आफूलाई के फाइदा हुन्छ भन्ने बुझाइ छ । गाउँका टाठाबाठा मिल्ने र आफूलाई फाइदा नहुने रहेछ भने परियोजनामा विभिन्न अवरोध सिर्जना गरेर हतोत्साही गर्ने प्रवृत्ति मौलाइरहेको छ । विकास निर्माण परियोजनालाई निरुत्साहित गर्ने र काम गर्न नदिने समस्या प्रशस्त छन् । यी र यस्ता समस्या समाधानको प्रयास हामीले जति चाँडो गर्छौं त्यतिकै चाँडो विदेशी लगानी आउँछ । यो पाटोमा सरकारले विशेष ख्याल गर्नुपर्छ । अहिले कानुन मात्र बाधक होइन, हाम्रो प्रवृत्ति र मानसिकता पनि त्यतिकै खराब छ । त्यो हटाउन प्रस्ट रूपमा के काम गर्छौं भन्ने स्पष्टता आवश्यक छ ।

समयमा जिम्मेवारी लिने र काम फत्ते गर्न वातावरण बनाउने राजनीतिक र कर्मचारी संयन्त्र चाहिन्छ । काम गर्न नसक्ने मन्त्री हटाउँछौं र काम गर्न सक्नेलाई राख्छौं भन्ने हुनुपर्छ । त्यो नगरी लगानीको वातावरण बन्दैन ।

अहिले पनि सम्मेलन हतारमा भएको छ । सम्मेलन आयोजना गर्ने भनेर अघिल्लो सरकारले निर्णय गरेको थियो । अहिले धेरै मन्त्री फेरिएका छन् । सम्मेलनबारे अहिलेका मन्त्रीमा कति अध्ययन र गहिरो बुझाइ छ भन्ने पनि महत्त्वपूर्ण पक्ष हो । अनगिन्ती समस्याबीच पूर्ण तयारी नभई गरिएको सम्मेलन नतिजामुखी र फलदायी बनाउन चुनौती छ । यो चुनौतीका बीचमा पनि सरकारले यो सम्मेलनलाई सफल बनाउनुपर्नेछ ।

लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचानमा हामी उत्तिकै जिम्मेवार हुन जरुरी छ । अरूको तुलनामा यो क्षेत्र लगानीका लागि चलायमान छ भनेर किटानी गर्न सक्नुपर्थ्यो । साथै, हामीले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा लगानीकर्ता कति इच्छुक छन्, कति विश्वस्त छन् र उनीहरू प्रतिबद्धताअनुसार लगानी गर्न चाहिरहेका छन् वा छैनन् भन्ने स्पष्टता चाहिन्छ ।

सम्मेलनमा आउनेमध्ये लगानी गर्न सम्भाव्य व्यक्तिको पहिचान गर्ने संयन्त्र हामीसँग हुनुपर्छ । त्यसले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । लगानीकर्तालाई परियोजना अघि बढाउने सिलसिलामा आउन सक्ने अवरोध यसरी हटाउन सहयोग गर्छौं भनी विश्वस्त तुल्याउनुपर्छ । लगानीको सम्भावना बोकेको व्यक्तिको पहिचानपछि उसलाई प्रोत्साहन हुने गरी ताकेता गरिरहनुपर्छ । यसो हुन सकेमात्र अपेक्षित रूपमा लगानी आउन सक्छ र लगानी सम्मेलको औचित्य पुष्टि हुन्छ । नत्र सम्मेलन आत्मसन्तुष्टिमा मात्र सीमित हुनसक्छ ।

नेपालको विकासका लागि अनगिन्ती क्षेत्र र सम्भावना छन् । त्यसमध्ये प्राकृतिक स्रोतका रूपमा जलस्रोत हो भने अर्को पर्यटन क्षेत्र हो । नेपालको कृषि क्षेत्र पनि वैदेशिक लगानीका लागि आकर्षक क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ । यसका बाबजुद लगानीकर्ताका लागि कतिको प्रभावकारी बजार उपलब्ध छ भनेर अध्ययन गर्न जरुरी छ ।

सुन्तलाको जुस कारखाना स्थापनाका लागि हाम्रो आवश्यक उत्पादन र बजारीकरणको सम्भाव्यताबारे अध्ययन हुनुपर्छ । नेपालको कुन क्षेत्रमा राखेमा त्यसको खर्च कम हुन्छ र बजारीकरण गर्न सहज हुन्छ भन्ने पाटो यकिन गर्नुपर्छ । ढुवानी खर्चको पाटोमा पनि ध्यान दिनुपर्छ । त्यो पाटोबाट मुलुकमा अध्ययन भएको छैन । स्रोत त छ तर छरपस्ट छ । जलस्रोतको क्षेत्र नेपालमा परियोजनाका लागि महत्त्वपूर्ण लगानीको क्षेत्र हो । स्वच्छ खानेपानी होस् वा ऊर्जा उत्पादनका लागि पनि सम्भाव्यता बोकेको छ । हामीसँग भएको कच्चा पदार्थ यो हो भनेर विश्वस्त तुल्याउनुपर्छ । पर्यटनमा पनि विदेशी लगानीकर्तालाई आऊ भन्न सक्नुपर्छ । प्राकृतिक सुन्दरता बोकेको त्यो पनि लगानीका लागि महत्त्वपूर्ण क्षेत्र हो । त्यो सुन्दरता हेर्न भारत र चीनबाट ४०/५० लाख पर्यटक आए अरू ठूलो लगानीका लागि व्यावसायिक क्षेत्र खोजिरहन पर्दैन ।

गुणस्तरीय शिक्षा पनि लगानीका लागि उपयुक्त माध्यम बन्न सक्छ । उपयुक्त मौसम र शीतल हावापानी भएकाले विदेशीलाई नेपालमा लगानी गर्न आह्वान गर्न सकिन्छ । त्यो भएमा वैदेशिक मुद्राको चाप पर्दैन । यस पटकको लगानी सम्मेलन भनेको अन्त्य नभई सुरुआत चरण नै हो । सम्मेलनको आयोजना गरियो, सारा मानिस आए, टेलिभिजनमा समाचार दिइयो, होटलमा बस्यो, सफल भयो भन्नेसँग मात्रै जोडेर हेर्न हुँदैन । यसको दीर्घकालीन उपलब्धि र प्रभाव हेर्नुपर्छ ।

नेपालमा लगानी गर्न सक्षम लगानीकर्ता पहिचान गर्नुपर्छ । लगानी डुब्न नदिने कुराको विश्वस्तता तुल्याउनुपर्छ । कार्यक्रमका माध्यमबाट लगानी भित्र्याउने भएकाले लगानीको पाटो प्रमुख विषय हो । हामीले आवश्यक परेको खण्डमा कानुन एक घण्टामा फेर्न सक्ने हैसियत राख्छौं । मानसिकता र प्रवृत्ति पुरानै बोकेर बसेपछि रूपान्तरणमा केही गर्न सकिन्न । मुलुकमा लगानीको वातावरण बनाउने हो भने आमजनता, राजनीतिक र कर्मचारीतन्त्रले हालको बुझाइ र प्रवृत्ति बदल्नुपर्छ । यसपटकको लगानी सम्मेलनलाई सफल तुल्याउन गर्नुपर्ने जिम्मेवारीमा रहेका व्यक्ति र संस्थाले तोकिएको जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता आवश्यक हुन्छ ।

*(राससससँगको कुराकानीमा आधारित)*




# ५५ देशबाट लगानीकर्ता...

बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार यातायात क्षेत्रका १९, खानी तथा खनिजजन्य क्षेत्रका १३, पर्यटन क्षेत्रका १३, कृषिका १४, उत्पादन क्षेत्रका पाँच, औद्योगिक पूर्वाधार तथा व्यापारसम्बन्धी सात, स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन, सञ्चार तथा सूचना प्रविधि क्षेत्रका दुई, पानी आपूर्तिका चार र सहरी विकास क्षेत्रका छवटा परियोजना छन् । निजी क्षेत्रबाट प्रस्तुत ३१ वटा परियोजना पनि बाहय लगानीका लागि समावेश गरिएको छ ।

बोर्डका अनुसार पहिलो दिन उद्घाटन सत्र र दुईवटा मुख्य सत्र रहेका छन् । त्यस्तै, दोस्रो दिन सोमबार ११ समानान्तर सत्रमा सञ्चालन हुने छन् ।

## लगानीकर्तालाई विश्वस्त तुल्याउनुपर्नेमा जोड

पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले मुलुकमा लगानीमैत्री वातावरण बनाउन अझै धेरै कानुन संशोधन र नयाँ कानुन आवश्यक रहेको बताएका छन् । सम्मेलनका लागि सरकारको झण्डै एक दर्जन कानुन अध्यादेशमार्फत संशोधन गरेको काम सकारात्मक भएको उल्लेख गर्दै पूर्वअर्थमन्त्री डा. खतिवडाले अरू धेरै कानुन खासगरी ऐन र केही नियम संशोधन गर्दै जानुपर्ने सुझाव दिए ।

'सबै कानुन बनाउन सकिएको छैन, आवश्यक बाँकी कानुन बनाउनुपर्छ । ठूला आयोजना सञ्चालनमा लागि लगानी बोर्डको क्षमता बढाउनुपर्ने छ । एकद्वार प्रणालीलाई साँच्चै व्यवहारमा लागू गर्नुपर्छ,' राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका डा. खतिवडाले भने, 'कतिपय ऐन नै नयाँ ड्राफ्ट गर्नुपर्ने भएको छ । संसद्मा गएका ऐनहरू पास गर्नुपर्ने छ । सार्वजनिक-निजी साझेदारीमा वैदेशिक लगानी ल्याउने हो भने सार्वजनिक खरिद ऐन लागू हुन्छ त्यहाँ त्यसैगरी निजी सार्वजनिक साझेदारीका ऐनका कतिपय प्रावधान मिलाउनुपर्ने होला ।'

विदेशी लगानीको बौद्धिक सम्पत्तिलाई सुरक्षित गर्नुपर्ने कानुन ल्याउनुपर्ने उनको सुझाव छ । प्रदर्शनमा राखिएका डेढ सय जति आयोजनामध्ये कस्तीमा पनि दर्जन जति आयोजना सम्झौताको चरणमा तथा सम्झदारीको चरणमा जाँदा पनि राम्रै हुने उनको भनाइ थियो । 'खासगरी नेपाली र विदेशीको संयुक्त लगानीमा आयोजनाहरू सञ्चालन गर्ने भनेर समझदारी हुन्छन् । त्यसपछि सम्मेलन सम्पन्न भयो भनेर ठूलो समारोहको अन्त्यपछिको बेहाल जस्तो नहोस् । जो जोसँग सम्झदारी र सम्झौता भएको उनीहरूसँग निरन्तर 'फलोअप' होस् । निरन्तर संवादमा रहनुपर्‍यो,' डा. खतिवडाले सुझाव दिए ।

अर्का पूर्वअर्थमन्त्री सुरेन्द्रप्रसाद पाण्डेले यसअघिका लगानी सम्मेलनको गहन समीक्षा गर्नुपर्ने बताए । 'यसअघिका सम्मेलनमा भएका प्रयास, प्रतिबद्धता, कार्यान्वयन के-कस्ता रहे भन्ने विश्लेषण गरिनुपर्छ । विगतका प्रतिबद्धता कार्यान्वयनमा सफलता मिल्यो वा मिलेन भनेर मसिनोसँग समीक्षा गर्नुपर्छ,' उनले भने, 'प्रतिबद्धता गरिएकामध्ये कुन परियोजनाको लगानी प्राप्ति भयो ? अथवा कुन परियोजनामा प्रतिबद्धताअनुसार प्राप्ति भएन भनेर गहन विश्लेषण आवश्यक छ ।'

राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र व्यक्तिगत लाभका पछि लाग्दा लगानीकर्ता हतोत्साहित हुने र नेपालमा आउन खोजेको लगानी पनि अर्को देशतिर मोडिने पूर्वअर्थमन्त्री पाण्डेको भनाइ छ । 'राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, सञ्चारमाध्यम, हाम्रा न्यायिक निकाय र प्रशासनीक संयन्त्रको असहयोगबाट पनि लगानीकर्ताले नेपालमा लगानी गर्न नचाहेका हुनसक्छन्,' उनले भने ।

अहिले कानुनमात्र बाधक नभई, हाम्रो प्रवृत्ति र मानसिकता पनि त्यतिकै खराब भएको पूर्वअर्थमन्त्री पाण्डेले बताए । 'समयमा जिम्मेवारी लिने र काम फत्ते गर्न वातावरण बनाउने राजनीतिक र कर्मचारी संयन्त्र चाहिन्छ । काम गर्न नसक्ने मन्त्री हटाउँछौं र काम गर्न सक्नेलाई राख्छौं भन्ने हुनुपर्छ । त्यो नगरी लगानीको वातावरण बन्दैन,' उनले भने ।

नेपालमा लगानी गर्न सक्षम लगानीकर्ता पहिचान गर्नुपर्छ । लगानी डुब्न नदिने कुराको विश्वस्तता तुल्याउनुपर्छ । कार्यक्रमका माध्यमबाट लगानी भित्र्याउने भएकाले लगानीको पाटो प्रमुख विषय हो । हामीले आवश्यक परेको खण्डमा कानुन एक घण्टामा फेर्न सक्ने हैसियत राख्छौं । मानसिकता र प्रवृत्ति पुरानै बोकेर बसेपछि रूपान्तरणमा केही गर्न सकिन्न । मुलुकमा लगानीको वातावरण बनाउने हो भने आमजनता, राजनीतिक र कर्मचारीतन्त्र हालको बुझाइ र प्रवृत्ति बदल्नुपर्छ ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. गोविन्द पाखरेलले नेपालमा हुने लगानी सम्मेलनले विश्वमा सकारात्मक माहोल प्रवाह हुने बताए । उनले सम्मेलनले लगानीमैत्री वातावरण बनाउनुका साथै विश्वको ध्यान नेपालमा खिच्नसमेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

'नेपाल लगानी बढाउन आतुर छ भन्ने सन्देश गएको छ, राजनीतिक र सबै हिसाबले लगानी भित्र्याउन चाहन्छ भन्ने देखिएको छ,' पूर्वउपाध्यक्ष डा. पोखरेलले भने, 'सरकारको तत्परता राम्रो छ, यो गतिलाई थप बलियो बनाउनुपर्छ, यसले नेपालका तर्फबाट विश्वमा सकारात्मक माहोल प्रवाह हुन्छ, लगानीमैत्री वातावरण बनाउन सहयोग पुग्छ ।'

उनले पर्यटन, कृषि, जडीबुटी, जलविद्युत्का साथै व्यक्तिको क्षमतामा विकास गर्नेमा पनि लगानी गर्नुपर्नेमा जोड दिए । नेपालमा यसअघि कतारका अमिर शेख तमिम विन हमाद अल थानी र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसको भ्रमणजस्तै सम्मेलनमा पनि विशिष्ट व्यक्ति आउन सकेमा विश्वमा थप राम्रो सन्देश जाने उनको भनाइ थियो ।

राष्ट्रिय योजना आयोगका अर्का पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले लगानी सम्मेलनबाट अपेक्षाकृत उपलब्धि हासिल गर्न लगानीकर्तासँग गरेका प्रतिज्ञामा भुलचुक हुन नदिन सरकार सजग हुनुपर्ने बताए । 'लगानीकर्तालाई सम्मेलनमा अन्तरक्रियाको सिलसिलामा के कुरामा आश्वस्त पार्न सक्नुपर्छ भने हामीले जे कुरा बोलिरहेका छौं, त्यो कुरा अक्षरशः कार्यान्वयन गर्छौं । अहिले नै हामीले उनीहरूसँग गरेका प्रतिज्ञाअनुसार सुविधा दिने वातावरण छ भन्ने अनुभूति दिलाउन सक्नुपर्छ,' उनले भने ।

लगानीकर्ताको चित्त बुझ्यो भने मात्र लगानी गर्न तयार हुने उल्लेख गर्दै योजनाविद् क्षेत्रीले लगानीका लागि विश्वासको वातावरण 'ग्यारेन्टी' गर्नुपर्ने सुझाव दिए । 'लगानीकर्ता आफ्नो लगानीबाट मिल्ने लाभ हेरेरै जोखिम लिन तयार हुन्छन्,' उनले भने, 'स्वाभाविक रूपमा फजुलमा खर्च गर्नमात्र लगानीकर्ता आउँछन् भन्ने अपेक्षा राख्नु हुँदैन ।' नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले लगानी सम्मेलन बजारमा सामान किनबेच गरेजस्तो नहुने बताए । यसले दीर्घकालीन रूपमा प्रभाव पार्ने उनको भनाइ छ ।

लगानीकर्तालाई सम्मेलनमा अन्तरक्रियाको सिलसिलामा के कुरामा आश्वस्त पार्न सक्नुपर्छ भने हामीले जे कुरा बोलिरहेका छौं, त्यो कुरा अक्षरशः कार्यान्वयन गर्छौं । अहिले नै हामीले उनीहरूसँग गरेका प्रतिज्ञाअनुसार सुविधा दिने वातावरण छ भन्ने अनुभूति दिलाउन सक्नुपर्छ । लगानीकर्ताको चित्त बुझ्यो भने मात्र लगानी गर्न तयार हुन्छन् ।

**दीपेन्द्रबहादुर क्षेत्री**
**पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग**

नेपाल लगानी बढाउन आतुर छ भन्ने सन्देश गएको छ, राजनीतिक र सबै हिसाबले लगानी भित्र्याउन चाहन्छ भन्ने देखिएको छ । सरकारको तत्परता राम्रो छ, यो गतिलाई थप बलियो बनाउनुपर्छ । यसले नेपालका तर्फबाट विश्वमा सकारात्मक माहोल प्रवाह हुन्छ ।

**डा. गोविन्द पाखरेल**
**पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग**

लगानी सम्मेलन बजारमा सामान किनबेच गरेजस्तो हुँदैन । अहिले लगानीको सम्भावना र अवसर देखाउने हो । लगानीकर्तालाई नेपालबारे बुझाउने र लगानीका लागि आकर्षित गर्ने हो, यसको नतिजा दीर्घकालमा देखिन्छ । विभिन्न देशका लगानीकर्ता जम्मा भएर यो सम्मेलन हुनु आफैंमा एउटा ठूलो उपलब्धि हो ।

**कमलेशकुमार अग्रवाल**
**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**

कुनै पनि मुलुकको आर्थिक समृद्धिका लागि नीतिगत स्थिरता आवश्यक पर्दछ । नेपालले स्वदेशी वा विदेशी लगानी बढाउनका लागि नीतिमा स्पष्टता हुन जरूरी छ । आर्थिक समृद्धिका लागि पारदर्शी, स्थिर र अनुमानयोग्य नीति आवश्यक रहेकोले त्यसतर्फ ध्यान दिनुपर्छ ।

**डिन आर थम्पसन**
**नेपालका लागि अमेरिकी राजदूत**

'अहिले लगानीको सम्भावना र अवसर देखाउने हो । लगानीकर्तालाई नेपालबारे बुझाउने र लगानीका लागि आकर्षित गर्ने हो, यसको नतिजा दीर्घकालमा देखिन्छ,' उनले भने, 'हामीले सोकेसमा राखेका परियोजनाको अवस्था हेरेर लगानीकर्ताले विकासको सम्भावना कति छ भनेर मूल्यांकन गर्नुहुन्छ । विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय र प्राविधिक पक्षहरू पनि यसमा हेरिन्छ ।' विभिन्न देशका लगानीकर्ता जम्मा भएर यो सम्मेलन हुनु आफैंमा एउटा ठूलो उपलब्धि भएको उनको बुझाइ छ । निजी क्षेत्र पनि सहआयोजक हुनु अघिल्ला दुई सम्मेलनभन्दा तेस्रो सम्मेलनको फरकपन भएको अग्रवालले स्पष्ट पारे ।

## नीतिगत स्थिरता आवश्यक

नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले कुनै पनि मुलुकको आर्थिक समृद्धिका लागि नीतिगत स्थिरता आवश्यक भएकामा जोड दिएका छन् । अमेरिकी चेम्बर अफ कमर्स नेपालको आयोजनामा शनिबार यहाँ आयोजित 'युएसए-नेपाल व्यावसयिक सम्बन्ध अभिवृद्धि' विषयक अन्तरक्रियामा उनले नेपालले स्वदेशी वा विदेशी लगानी बढाउनका लागि नीतिमा स्पष्टता जरुरी रहेको बताए । उनले आर्थिक समृद्धिका लागि पारदर्शी, स्थिर र अनुमानयोग्य नीति आवश्यक रहेको भन्दै त्यसतर्फ ध्यान दिनुपर्ने उल्लेख गरे ।

'अमेरिका र नेपालबीच लामो समयदेखि सम्बन्ध रहिआएको छ, अमेरिका नेपालले समृद्ध लोकतन्त्र, आर्थिक वृद्धि तथा विकास र मानवअधिकार, सामाजिक न्यायका क्षेत्रमा प्रगति गरेको हेर्न चाहन्छ,' उनले भने, 'लोकतन्त्र र सामाजिक न्याय भयो भने आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।'

*(राससको सहयोगमा)*

## पृष्ठ १ बाट क्रमशः

### सुर्तीजन्य वस्तुको...

ग्लोबल टोबाको इन्डेक्स-२०२१ अनुसार नेपालमा १५ देखि ४९ वर्षका धूमपान गर्नेको संख्या २९ प्रतिशत छ । १३ देखि १५ वर्षसम्मका किशोरकिशोरीको संख्या सात प्रतिशत रहेको छ । सो इन्डेक्सको रिपोर्टअनुसार सुर्तीजन्य वस्तुको करबाट साढे १८ अर्ब रूपैयाँ आम्दानी हुन्छ भने यस्ता वस्तुको उपभोगबाट हुने राज्यको नोक्सानी करिब २३ अर्ब रूपैयाँ रहेको छ ।

विश्व स्वास्थ्य संगठन र स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको अध्ययनअनुसार नेपालमा पहिलोपटक धूमपान गर्दाको औसत उमेर १७.८ वर्ष रहेको छ । नेपालमा औसत ३३ प्रतिशत जनताले सुर्ती सेवन गर्ने गरेको र ग्रामीण क्षेत्रमा यो दर ३९ प्रतिशत रहेको छ । नेपालको गरिबीको मुख्य कारण नसर्ने रोगको उपचारमा हुने खर्च रहेको विश्व स्वास्थ्य संगठनकै प्रतिवेदनमा उल्लेख छ । यसै कारणले पनि विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न कम्तीमा ७५ प्रतिशत कर लगाउनुपर्छ भन्दै आएको छ । र, हाल यो दर ९० प्रतिशतसम्म पुऱ्याउनुपर्ने विषयमा पनि राष्ट्र संघका सदस्य राष्ट्रहरूले बहस चलाउन थालेका छन् ।

ग्लोबल टोबाको इन्डेक्स-२०२१ अनुसार नेपालमा सुर्तीजन्य वस्तुका उत्पादकहरूले कर नबढाउने राजनीतिक तह, नीतिगत तह र कर्मचारीतन्त्रमा प्रभाव पार्ने गरेको पाइएको छ । कर्पोरेट सामाजिक उत्तरदायित्वमा खर्च गर्न नपाइने, कुनै कार्यक्रम स्पोन्सर गर्न नपाइने भए पनि उनीहरूले यस्तो गर्ने गरेको र सरकारले पनि सुर्ती उत्पादक कम्पनीका मालिकहरूलाई सम्मान गर्दै आएको छ ।

नेपालकै कानुनअनुसार पनि यो गैरकानुनी हो । तर, सरकार र सुर्तीजन्य पदार्थ उत्पादकहरूको अवैध साँठगाँठका कारण यी अनुचित गतिविधि भइरहेका छन् । जसको परिणामस्वरूप दक्षिण एसियामा नै नेपालमा सुर्तीजन्य वस्तुको करको दर सबैभन्दा कम रहेको छ । अर्कोतिर सुर्तीजन्य पदार्थ उत्पादकको नाफा दर भने निरन्तर बढिरहेको छ ।

आन्तरिक राजस्व विभागका अनुसार चुरोट र बिँडीलगायत सुर्तीजन्य वस्तुबाट राजस्वभन्दा यस्ता वस्तुको उपभोगबाट हुने रोगको उपचारमा हुने राज्यको खर्च १४ अर्ब रूपैयाँ बढी छ । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालले सन् २०२३ मा गरेको अध्ययनअनुसार सुर्तीजन्य वस्तुमा दक्षिण एसियाली राष्ट्रहरूमध्ये श्रीलंकामा सबैभन्दा बढी ७७ प्रतिशत र नेपालमा सबैभन्दा कम ३३ प्रतिशत कर लगाइएको छ । यस्तै, भारतमा ५८ प्रतिशत, पाकिस्तानमा ६१ प्रतिशत र बंगलादेशमा ७३ प्रतिशत कर लगाइएको छ । भुटान भने पहिले नै सुर्तीजन्य वस्तु उपभोगमुक्त देश घोषित भइसकेको छ ।

सञ्जालका संयोजक मुल्मीका अनुसार सुर्तीजन्य वस्तुको सेवनका कारण हुने क्यान्सर रोगीलाई उपचारमा राहत दिनुपर्दा सरकारको व्ययभार बढेको छ । बिरामीलाई मासिक पाँच हजार रूपैयाँ भत्ता दिनुपर्ने प्रावधान रहेको छ । धूमपानका कारण बर्सेनि ५० अर्ब रूपैयाँ मुलुकको आर्थिक क्षति भइरहेको छ । यदि सुर्तीजन्य वस्तुमा अत्यधिक कर बढाइदिने हो भने सुर्तीजन्य पदार्थ खरिद गर्ने सर्वसाधारणको क्षमता कम हुने, उपभोग घट्ने र सरकारको राजस्व पनि बढ्ने हुन्छ । उपचार खर्च बचतले जनता र राज्य दुवैलाई फाइदा हुने उनको भनाइ छ ।

सञ्जालले गरेको अध्ययनअनुसार करको दर ६५ प्रतिशतले बढ्दा सुर्तीजन्य पदार्थको मूल्य १८ प्रतिशते बढ्ने, खपत १२ प्रतिशतसम्म घट्ने र १७ अर्ब रूपैयाँसम्म थप राजस्व उठ्ने देखाएको छ । बढी सुर्तीजन्य पदार्थ प्रयोग गर्ने चीन, थाइल्यान्ड, फिलिपिन्स ब्राजिल, फ्रान्स आदिमा सतप्रतिशत राजस्व बढाउँदा ५० प्रतिशतसम्म उपभोक्ता घट्न गएको देखिएको छ ।

'सुर्तीजन्य वस्तुको कर वृद्धिले स्वास्थ्यमा सुधार हुनका साथै वर्तमान आर्थिक संकटमा राज्यलाई समेत सहयोग पुग्ने भएकाले सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गर्दै गरेको वर्तमान अवस्थामा सुर्तीजन्य पदार्थमा कम्तीमा ६० प्रतिशत कर लगाउनुपर्ने मागसहित स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण राष्ट्रिय सञ्जालले अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तयारी गरिरहेको छ,' सञ्जालका संयोजक मुल्मीले जानकारी दिए ।

नेपालको कानुन र सुर्तीसम्बन्धी अभिसन्धिअनुसार नेपाल सरकारले सुर्तीजन्य वस्तु उत्पादक कम्पनीहरूलाई सम्मान गर्नु हुँदैन । तर, नेपाल सरकारले सूर्य टोबाकोलाई हरेक वर्ष बढी कर तिरेको भनेर सम्मान गर्दै आएको छ । सूर्य टोबाकोले कानुनविपरीत गल्फलगायत खेलकुद कार्यक्रम, लिट्रेचर फेस्टिबल कार्यक्रमको प्रायोजन गर्ने, अस्पतालहरूलाई एम्बुलेन्स र स्वास्थ्य सामग्री सहयोग गरेर सुर्तीजन्य वस्तु उपभोग गर्न प्रेरित गर्ने र यसको प्रचारमा सरकारी पदाधिकारीहरूलाई नै प्रयोग गर्ने गरिरहेको छ । जुन कानुनविपरीत रहेको छ ।

यस वर्ष पनि 'सूर्य नेपाल गल्फ टुर २०२३-०२४' अन्तर्गतको सातौं प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपन रोयल नेपाल गल्फ क्लबमा यही वैशाख ११ गतेबाट सुरु भएको छ । यस्ता, गैरकानुनी र गैरसामाजिक कार्य रोक्नुको सट्टा सरकार सहयोगीका रूपमा देखापरेको छ । अहिले नेपालमा सूर्य नेपालको बजार हिस्सा करिब ७५ प्रतिशत रहेको छ । गोर्खा लरीको करिब २० प्रतिशत र बाँकी अन्यको रहेको तथ्यांक छ । *(मिडिया एलायन्स न्युज सर्भिस)*

### उत्साहप्रद भएन...

यो क्षेत्रमा पहिचानवादी मुद्दा पेचिलो छ । पहिचानवादी पक्षका स्वतन्त्र उम्मेदवारसमेतको प्रतिस्पर्धाले चुनाव थप रोचक बनेको छ । मुद्दा चुनाव चिह्न लिएर डकेन्द्र थेगिम मैदानमा छन् । इलामको उपनिर्वाचनलाई नेपाली राजनीतिका शीर्ष नेतृत्वले समेत प्रत्यक्ष चासो दिएका छन् ।

### बझाङमा आजबाट मतगणना

बझाङ प्रदेशसभा १ मा आजबाट मात्र मतगणना हुने भएको छ । केही क्षेत्रको मतपत्र हवाईस्थलबाट ल्याउनुपर्ने भएकोले आज १० बजेबाट मात्र मतगणना गरिने आयोगले जनाएको हो । 'मतपेटिका मतगणनास्थल बझाङ जिल्ला अदालत चैनपुरमा हवाईमार्गबाटसमेत ढुवानी गर्नुपर्ने भएकोले मिति २०८१ वैशाख १६ गते १० बजेभित्र ढुवानी भइसक्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ । साइपाल गाउँपालिकाका तीन स्थानका मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट जिल्ला सदरमुकामसम्म ल्याउने व्यवस्था गरिएको छ,' आयोगले भन्यो ।

बझाङमा ३० हजार ३२८ मतदान भएको मुख्य निर्वाचन अधिकृत सुदर्शन लामिछानेले जानकारी दिए । उनका अनुसार जिल्लामा ६१ हजार ७४८ मतदाता छन् । जिल्लाका ७४ वटा मतदानस्थल र ९३ केन्द्रमा मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको लामिछानेले बताए । उनका अनुसार प्रदेशसभा सदस्यका लागि विभिन्न राजनीतिक दलका ११ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

नेकपा एमालेबाट दमनबहादुर भण्डारी, नेपाली कांग्रेसबाट अभिषेकबहादुर सिंह, नेकपा माओवादी केन्द्रबाट जनकबहादुर बुढा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट किशोरकुमार खड्का, नेकपा एकीकृत समाजवादीबाट दिलबहादुर सिंह प्रतिस्पर्धामा छन् ।

# वायु प्रदूषणले बालबालिका तथा महिलामा स्वास्थ्यसम्बन्धी जोखिम बढ्दो

**काठमाडौं (प्रस)–** पछिल्लो समय बढ्दै गएको वायु प्रदूषणले बालबालिका तथा महिलामा विभिन्न स्वास्थ्यसम्बन्धी जोखिम बढाएको एक अध्ययनले देखाएको छ । सेभ द चिल्ड्रेनले गरेको एक अध्ययनअनुसार वायु प्रदूषणका कारण दम, फोक्सो तथा श्वासप्रश्वास, खोकी, छालालगायत स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखापरेका छन् । जसले बालबालिकाको वृत्तिविकासमा प्रतिकूल असर पर्नुका साथै गर्भावस्थामा रहेका महिलाको स्वास्थ्यमा समस्या र औसत आयुसमेत खस्किने गरेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

सेभ द चिल्ड्रेनका सञ्चार तथा मिडिया निर्देशक आयुष जोशीले नेपालको वायु प्रदूषण अतिप्रभावित जिल्लाहरूमध्ये काठमाडौं र सप्तरीमा यो अध्ययन गरिएको बताए । अध्ययनले वायु प्रदूषणको प्रभावलाई स्वास्थ्यसँग मात्र जोडेर हेर्नुभन्दा पनि बालबालिकाको समग्र हित र विकासलाई विश्लेषण गरेर बुझ्नुपर्ने आवश्यकता औंल्याएको पनि उनले बताए । 'वायु प्रदूषणका कारण विद्यालय बन्द हुँदा र बाहिर हिँडडुल गर्न कठिनाइ हुँदा शिक्षाको अवसर गुम्नसक्ने र परिवारको जीवीकोपार्जनमासमेत असर पर्नसक्ने चिन्ता व्यक्त गरेको पायौं । साथै प्रदूषणले बालबालिका, महिला तथा न्यून प्रतिनिधित्व भएका समूहको जीवनलाई नै गम्भीर असर गर्ने देखिन्छ,' उनले भने ।

# अनुसन्धनात्मक शिक्षालाई प्राथमिकता दिनुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** अनुसन्धानदाताले नेपालका विश्वविद्यालयहरूले अनुसन्धनात्मक शिक्षालाई प्राथमिकता दिनुपर्ने बताएका छन् । विश्वविद्यालय अनुदान आयोग र अथर्व विजनेश कलेजले शनिबार यहाँ आयोजना गरेको 'अनुसन्धनात्मक लेखन तथा सीप विकास कार्यक्रम'का वक्ताले नेपाली विश्वविद्यालयले समाजलाई योगदान दिने खालको नयाँ अनुसन्धान गर्नुपर्ने बताएका हुन् ।

सरस्वती क्याम्पसका सहप्राध्यापक डा. खोमराज खरेलले नयाँ अनुसन्धानले मात्र देशलाई सही दिशामा लैजाने भएकाले नेपालका विश्वविद्यालयले अनुसन्धान र खोजलाई प्राथमिकता दिनुपर्ने बताए । 'विश्वविद्यालयमा अध्यापन गराउने प्राध्यापकलाई अनुसन्धानले व्यावहारिक ज्ञानलाई विद्यार्थीसम्म पुऱ्याउन यस्ता कार्यक्रमले सहयोग पुग्ने छ,' उनले भने ।

कार्यक्रममा डा. दशरथ न्यौपानेले अनुसन्धान क्षेत्रको विकासका लागि बहुविषयक अनुसन्धान आवश्यक रहेको बताए । उनले गाउँ तहसम्म पुगेर गहन ढंगले अनुसन्धान गर्नुपर्ने बताए । नेपाल दार्शनिक अनुसन्धान केन्द्र (एनपिआरसी)का अध्यक्ष डा. तेजबहादुर कार्कीले दिगो विकासका लागि अनुसन्धानमा आधारित कार्यक्रम अगाडि बढाउन आवश्यक रहेको बताए । उनले देशको विकासका लागि अनुसन्धानलाई व्यापकता दिएर अगाडि बढ्न जरुरी रहेको उल्लेख गरे ।

कार्यक्रममा सहप्राध्यापक डा. सञ्जीवकुमार श्रेष्ठ, डा. राजनविलास बज्राचार्य, डा. दीपक महतलगायतले अनुसन्धान क्षेत्रले मात्र नयाँ कुरा निर्माण गर्ने भएकाले नयाँ पुस्ता अनुसन्धानमा लाग्नुपर्नेमा जोड दिएका थिए । सम्मेलन तीन दिनसम्म चल्ने जानकारी दिइएको छ ।

**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
Transport Infrastructure Directorate
**Infrastructure Development Office**
**Baitadi**

## Invitation for Bids

**First Date of publication: 2081/01/16**

1. Infrastructure Development Office , Baitadi has received fund from ministry and invites following e- Bids from all eligible Nepalese Bidders for ***Construction & upgrading of following Road projects*** with detail as follows.
2. Bidders may obtain further information from office or inspect Bidding Documents at PPMO **website www.bolpatra.gov.np.**

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) With PS [Excluding VAT] | Bid Security amount | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | IDOBTD/NCB/W/R/15/080-081 | Upgrading and Improvement of lamalek Pelya Dharaun Titabai Road, Baitadi | 42,84,712.28 | 125000.00 | Validity up to 120 days from the last date of bid submission | 3000.00 |
| 2. | IDOBTD/NCB/W/R/16/080-081 | Upgrading and Improvement of Salena-Durgasthan Dehimandu Road, Baitadi | 81,19,034.36 | 220000.00 | Validity up to 120 days from the last date of bid submission | 3000.00 |
| 3. | IDOBTD/NCB/W/R/17/080-081 | Upgrading and Improvement of Tripura Sera Road, Baitadi | 85,63,397.83 | 235000.00 | Validity up to 120 days from the last date of bid submission | 3000.00 |

**Office Chief**

प्रभाव दैनिक

रूपशाला

## मण्डला नाटकघरमा 'टिकट टु हलिउड'

मण्डला नाटकघरमा 'टिकट टु हलिउड' नाटक मञ्चन भइरहेको छ । युवहरूले देश छाड्न गरिरहेको संघर्ष, यसको कारण, विदेश पुग्ने लहर लगायतका विषयलाई समेटेर सागर खातीले निर्देशन गरेको नाटकमा मिलन कार्की, सुदिप खतिवडालगायतले अभिनय गरिरहेका छन् । विदेशिने युवाको विषयलाई नाटकमा ल्याउने तयारी गरिरहँदा बालकुमारीमा घटेको घटना पश्चात झनै गम्भीर भएर काम गरेको निर्देशक खातीले बताए । सोमबारबाहेक साताको प्रत्येक दिन यही वैशाख २३ गतेसम्म नाटक मञ्चन गरिने मण्डला नाटकघरले जनाएको छ ।





# लिपिबद्ध गरिँदै साल्पा सिलिचुङको मुन्दुमी मिथक



■ प्रभाव संवाददाता

**गोदावरी (ललितपुर)–** मुन्दुम मौखिक इतिहास हो । किरात समुदायले मुन्दुमलाई जीवनदर्शन मान्छन् । यस्तै किरात राई समुदायको संस्कृति र सभ्यतासँग जोडिएको साल्पा-सिलिचुङको मुन्दुमी मिथकलाई लिपिबद्ध गरी पुस्तकका रूपमा प्रकाशन गरिएको छ ।

साल्पा सिलिचुङ सरोकार संरक्षण तथा प्रवर्द्धन केन्द्र अन्तर्राष्ट्रिय समितिले प्रकाशन गरेको 'साल्पा सिलिचुङ-सिलिछो' नामक मुन्दुमी मिथक र इतिहासको पुस्तक शुक्रबार यहाँ विमोचन गरिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यतामा प्राडा टंक न्यौपाने, प्राडा सोमनाथ खतिवडा, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, सह-प्राध्यापक डा जनक राई, किरात राई यायोक्खाका अध्यक्ष जीवन हाताचो र राससका महाप्रबन्धक सिद्धराज राईले सामूहिक रूपमा पुस्तकको विमोचन गरेका हुन् ।

पुस्तकको परिचर्चा गर्दै त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा जनक राईले किरात राई समुदायका आम मानिसले मुन्दमी ज्ञानलाई कसरी प्रयोग गरिरहेका छन् भन्ने पुस्तकमा उल्लेख गरिएको बताए । 'साल्पा सिलिचुङको मुन्दुमी मिथकलाई अध्ययन गर्दा जतिखेर किरातका पुर्खाहरू साल्पा सिलिचुङ पुगेका थिए, त्यतिखेर मातृसत्तात्मक समाज भएको प्रस्ट हुन्छ,' उनले भने ।

प्राडा सोमनाथ खतिवडाले विश्वका धेरै विश्वविद्यालयले मौखिक इतिहास पढाउने गरेको बताए । उनले नेपालमा मात्र लेख्य इतिहास पढाउने गरेको तर किरात सभ्यता र संस्कृतिसँग धेरै ठूलो मौखिक इतिहास भएको बताए । उनले त्यस्ता मौखिक इतिहासलाई लिपिबद्ध गर्ने काममा यो पुस्तक कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरे ।

किरात संस्कृतिका अध्येता प्राडा टङ्क न्यौपानेले कुनै एउटा मात्र जाति र व्यक्तिको देश नहुने बताए । विविध जाति समुदाय रहेको नेपालमा किरात धर्म संस्कृतिका अनेकौं मुन्दुम लेखिनुपर्ने उनको जोड थियो । 'यस पुस्तकले मिथकहरूको माध्यमबाट किरात राईहरूको एकताको सन्देश दिन खोजेको छ', उनले भने, 'अहिलेको नेपाल राज्य निर्माण गर्ने प्रमुख शक्ति किरात हो, त्यसैले साल्पा र सिलिचुङको मिथक पनि जनइतिहास भएकामा कुनै विवाद छैन ।'

आदिवासी जनजाति महासङ्घका उपाध्यक्ष दिवस राईले किरात राई समुदायमा खुवालुङ, तुवाचुङ र सिलिचुङ सभ्यताको प्रतीक रहेको बताए । कार्यक्रमका प्रमुख अतिथि भूपाल राईले मुन्दुमी मिथकलाई पुस्तकका माध्यमबाट प्रकाशन गरिनु प्राज्ञिक काम भएको भन्दै प्रशंसा गरे । 'जसको लेख्य इतिहास हुँदैन, त्यसको मिथक मात्र बाँकी रहन्छ', उनले भने, 'कुनै कालखण्डमा राज्यले किनाराकृत गरेको समुदायको मिथक मात्र बाँकी रहन्छ, त्यसैले यो पुस्तक एउटा लिखित र प्राज्ञिक आक्रोश पनि हो ।'

साल्पा सिलिचुङ सरोकार संरक्षण तथा प्रवर्द्धन केन्द्र अन्तर्राष्ट्रिय समितिका अध्यक्ष राजेन राईले यसपटक साल्पा सिलिचुङमा सुम्निमा पारुहाङ र नछुङ/नाक्सो (धामी) को प्रतिमा स्थापनासँगै मिथक खण्डको पुस्तक प्रकाशन गरिएको बताए । अर्को खण्डमा मुन्दुम सङ्कलनसँगै थप इतिहास संरक्षणको काम गर्ने बताए ।

दुई सय २७ पृष्ठको पुस्तकमा मिथक र विश्लेषण गरी दुईवटा खण्ड छ । २१ वटा मिथक सङ्कलित छन् । पुस्तकको सम्पादन भोगिराज चाम्लिङ, डा तारामणि राई, चन्द्रकुमार हतुवाली र शालिकराम राईले गर्नुभएको छ । पुस्तक विमोचन कार्यक्रमपश्चात् किराती सङ्गीतमा आधारित भई मुन्दुमी महिमागान र साङ्गीतिक कार्यक्रम गरिएको थियो ।

साल्पा सिलिचुङ साल्पा सिलिछो गाउँपालिका भोजपुरमा पर्दछ । यो स्थान भोजपुर, सङ्खुवासभा, सोलुखुम्बु र खोटाङको सीमासँग जोडिएको छ । साल्पा पोखरी समुन्द्री सतहदेखि तीन हजार सात सय ५० मिटर उचाइमा छभने सिलिचुङ चार हजार एक सय ५५ मिटर अग्लो शिखर हो ।

# निर्देशक बन्ने सोच छ : दयाहाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता दयाहाङ राई कुशल अभिनेतासँगै रंगमञ्चमा निर्देशकका रूपमा पनि परिचित छन् । उनले निर्देशन गरेको चर्चित नाटक हो 'डिग्री माइला' । त्यही नाटकको मूल कथालाई टेकेर बनेको डिग्री माइला अहिले चलचित्रका रूपमा प्रदर्शनरत छ । नाटक निर्देशनकै बेला उनले शैक्षिक बेरोजगारीको कथालाई रोजेका थिए डिग्री माइलामार्फत पनि सामाजिक, शैक्षिक र राजनीतिक विषयमा व्यंग्य गरिएको उनले बताए ।

'हामीले तयार गरेको डिग्री माइला गाउँमा देखेको पात्रकै प्रतिनिधित्व हो किनकि उनीहरू आफूभन्दा अघिल्लो पुस्तासँग घुलमिल हुन सक्दैनन् र नयाँसँग विचार मिल्दैन', उनले भने, 'त्यसैकारण माइलामार्फत कथा भन्न मन लागेको हो । नाटक बन्दा नै यसलाई ठूलो पर्दामा ल्याएर धेरै दर्शकलाई देखाउनुपर्छ भन्ने लागेको थियो ।' डिग्री माइला शीर्षकमा चलचित्र बन्ने चर्चा चल्दा धेरैले अभिनेता राईले निर्देशन गर्छन् भन्ने अनुमान गरेका थिए तर उनले नाटक निर्देशन गर्नुभएता पनि चलचित्र निर्देशन गरेनन् । यद्यपि उनलाई चलचित्र निर्देशन गर्ने चाहना भने छ ।

'यो निर्देशन गरौं भन्ने सोच आएको थिएन । अहिले म अभिनयमै व्यस्त छु, त्यसैले समय पनि व्यवस्थापन गर्न सहज हुँदैन । यद्यपि मैले केही फरक र भन्नै पर्ने कथा भेटेँ भने दुई चलचित्र निर्देशन गर्छु', अभिनेता राईले भने ।

उनले चलचित्र निर्देशन गरे भने आफूले जानेको कुरा प्रयोग गर्ने योजनामा छन् । रंगमञ्चमार्फत चलचित्रमा प्राप्त गरेको सफलताले उनको चलचित्रमा व्यावसायिक र कलात्मकमध्ये कुन पाटो हाबी हुन्छ भन्ने कौतुहलता स्वाभाविक छ । उनले भने, 'मैले चयन गर्ने विषयले मलाई कलात्मक वा व्यावसायिक के बनाउँछ भन्ने निर्धारण गर्छ । किनकि कथालाई कसरी देखाउँदा प्रभाकारी हुन्छ भन्ने विषयले नै निर्देश गर्छ । त्यसकारण अहिले त्यस विषयमा धेरै सोचेको छुइन, मप्रति अपेक्षा छ भन्नेमा ज्ञात छु ।'



उनले डिग्री माइलाजस्तो व्यावसायिक चलचित्रसँगै 'गाउँ आएको बाटो' र 'राजागञ्ज' जस्ता कलात्मक चलचित्रमा अभिनय गरेका छन् । उल्लिखित चलचित्रले अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागिता पाउनाका साथै केहीमा पुरस्कार समेत जितिरहेका छन् ।

उनी अभिनित 'जारी' मा लिम्बू समुदायको कथा, 'दयारानी' मा गुरुङ समुदायको कथा थियो । अब प्रदर्शन हुने भनिएको 'घर ज्वाईं' मा मगर समुदायको कथा छ । ग्रामीण भेग र ओझेलमा परेका समुदायको कथामा अभिनय गर्न पाउँदा उत्साह लाग्ने अभिनेता राईले बताए ।

रंगशाला

# मिल्स गोल्डकपको उपाधि एपिएफलाई

■ प्रभाव संवाददाता

**विराटनगर–** सशस्त्र प्रहरी बल (एपीएफ) पकली सुनसरीले चौथो संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । विराटनगर जुट मिलको खेलमैदानमा शनिबार सम्पन्न भएको फाइनलमा घरेलु टिम पेमा युवा क्लब विराटनगरलाई ३-१ गोल अन्तरले हराउँदै एपीएफले उपाधि जितेको हो । जितसँगै एपीएफले नगद २ लाख ११ हजार १ सय रूपैयाँ हात पारेको छ ।

जितको लागि एपीएफको तर्फबाट भरत कपाली, दिशन राई र धनबहादुर श्रेष्ठले समान १/१ गोल गरे । पेमा युवा क्लबको तर्फबाट सान्त्वना गोल मिलन राईले फर्काए । यसअघि २०७७ सालमा एपीएफले प्रथम संस्करणको मिल्स गोल्डकपको उपाधि जितेको थियो । त्यसबेला साइनो स्पोर्ट्स क्लब रानी मोरङलाई टाई ब्रेकरमा ४-३ गोल अन्तरले हराउँदै एपीएफले उपाधि जितेको थियो ।





शुरूआती अग्रता घरेलु टिम पेमा युवा क्लबले लियो । खेल शुरू भएको ११औं मिनेटमा मिलन लिम्बुले गोल गरे । सुरज सुब्बाले निकालेको क्रस पासलाई मिलनले गोलमा परिणत गरे । घरेलु टिम पेमाले गोल गरेको दुई मिनेट बित्न नपाउँदै एपीएफले गोल गरी खेल बराबरीमा फर्काए । १३औं मिनेटमा एपीएफका भरत कपालीले गोल गरे । पेमाका गोलकिपर अरुणले टच गरेर रिबाउन्डमा आएको बललाई भरतले आकर्षक गोल गरे । पहिलो हाफमा १-१ गोलको बराबरी भयो । दोस्रो हाफदेखि आक्रामक खेल्दै एपीएफका दिशन राईले ६० औं मिनेटमा गोल गरी अग्रता दोब्बर बनाए ।

नेपाल-वेस्ट इन्डिज टी-२०

# कप्तान रोहितको शानदार शतकसहित नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** पाँच खेलको टी-२० शृङ्खलाको पहिलो खेलमा नेपालले वेस्ट इन्डिज 'ए' लाई पराजित गरेको छ । शनिबार त्रिवि खेल मैदानमा भएको खेलमा नेपाल ४ विकेटले विजयी बनेको हो । नेपालसामु वेस्ट इन्डिजले जितका लागि २ सय ५ रनको लक्ष्य प्रस्तुत गरेको थियो । नेपालले १९.४ ओभरमा ६ विकेटको क्षतिमा उक्त लक्ष्य पछ्यायो ।

नेपालका लागि कप्तान रोहित पौडेलले शानदार शतकीय पारी खेले । उनले सर्वाधिक १ सय १२ रन बनाए । उनले ५४ बलमा १० चौका र ६ छक्का हिर्काए ।

दीपेन्द्र सिंह ऐरीले १८ बलमा २४ रनको योगदान दिए । उनले यस क्रममा २ चौका र १ छक्का हिर्काए । कुशल भुर्तेल र कुशल मल्लले १६-१६ रन बनाए । खेलको अन्त्यमा गुल्सन झाले दुई चौका हिर्काउँदै टोलीलाई जितसम्म डोऱ्याए । वेस्ट इन्डिजका लागि म्याथ्यु फोर्डे र ओबेड म्याकोयले २-२ विकेट हात पारे ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा २ सय ४ रन बनाएको थियो । पाहुना टोलीका लागि कप्तान रोस्टन चेसले सर्वाधिक ७४ रनको योगदान दिए । उनले ४६ बलमा ९ चौका र २ छक्का हिर्काए ।

त्यस्तै, ओपनर एलिक अथानाजेले २५ बलमा ४७ रनको शानदार इनिङ्स खेले । उनले यस क्रममा ५ चौका र ३ छक्का हिर्काए । किसी कार्टीले २६ बलमा ३८ रन बनाए । उनले २६ बलमा २ चौका र ३ छक्का प्रहार गरे । नेपालका लागि अविनाश बोहरा, रोहित पौडेल, दीपेन्द्र सिंह ऐरी र कमल ऐरीले १-१ विकेट लिए ।

शृङ्खलाको दोस्रो खेल आइतबार खेलिने छ । तेस्रो खेल मे १ तारिखमा खेलिने छ । चौथो खेल मे २ तारिखमा र पाँचौं खेल मे ४ तारिखमा खेलिने छ ।


**Golanjor Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Gwaltar-3, Sindhuli**

**Invitation for Bids**

**(First Date of Publication: 16th Baisakh 2081)**

1. The Golanjor Rural Municipality invites sealed bids from the eligible bidders for the procurement of following goods under National Competitive Bidding (NCB) procedure:

| Contract ID No. | Description | Quantity | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/GOODS/NCB/20/080/081 | Supply and Delivery of Medicines (As per Technical Specification provided in Bidding Document) | 1 unit | 40,000.00 | 3000 |
| GRM/SIN/GOODS/NCB/21/080/081 | Procurement And Installation of CCTV Camera And Digital Attendance Machines at Various Site of Golanjor Rural Municipality Ward No.6 (As per Technical Specification provided in Bidding Document) | 1 unit | 20,000.00 | 3000 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.

# अवैधरूपमा बिहार लगिएका ९५ बालबालिकाको उद्धार



**अयोध्या (भारत)–** उत्तरप्रदेश बाल आयोगले शुक्रबार बिहारबाट अवैधरूपमा उत्तरप्रदेश लगिएका ९५ बालबालिकाको उद्धार गरेको छ। यस घटनाले बाल बेचबिखन बारेको चिन्तालाई प्रकाश पारेको छ।

अयोध्या बाल कल्याण समिति (सिडब्ल्युसी)का अध्यक्ष सर्वेश अवस्थीले शुक्रबार उत्तरप्रदेश बाल आयोगकी सदस्य सुचित्रा चतुर्वेदीबाट घटनाको जानकारी पाएपछि सिडब्ल्युसीका सदस्यहरूले बच्चाहरूको उद्धार गरेको बताए।

'बिहान नौ बजेतिर उत्तरप्रदेश बाल आयोगकी सदस्य सुचित्रा चतुर्वेदीले फोन गरेर बिहारबाट साना बच्चाहरूलाई अवैधरूपमा सहारनपुर लगिएको र उनीहरू गोरखपुरमा रहेको तथा अयोध्या हुँदै जान लागेको सूचना दिनुभएको थियो। हामीले उनीहरूको उद्धार गऱ्यौं। उनीहरूलाई खाना दियौं र चिकित्सा सहयोग गऱ्यौं,' अवस्थीले भने।

उनका अनुसार उद्धार गरिएका बालबालिका चारदेखि १२ वर्ष उमेर समूहका छन्। 'बालबालिका ल्याउनेहरूसँग उनीहरूको आमाबुबासँगको कुनै सहमतिपत्र थिएन, ९५ बालबालिकाको उमेर चारदेखि १२ वर्षको बीच छ र उनीहरूमा अधिकांशले आफूलाई कहाँ लैजान खोजिएको हो भन्नेबारे केही थाहा नभएको बताएका छन्, आमाबुबासँग सम्पर्क गर्ने प्रयास भइरहेको छ र बालबालिकाहरू आइपुगेपछि आमाबाबुलाई सुम्पिइने छ,' अवस्थीले भने।

यसअघि बिहारका बालबालिकाहरूको एक समूहलाई मदरसाहरूमा पठाउँदै गर्दा उत्तरप्रदेशको बाल आयोगले गोरखपुरबाट उद्धार गरेको थियो। राष्ट्रिय बाल अधिकार संरक्षण आयोगको आदेशमा राज्य बाल प्यानलले उनीहरूको उद्धार गरेको थियो। राष्ट्रिय बालअधिकार संरक्षण आयोग (एनसिपिसिआर) का अध्यक्ष प्रियांक कानुनगोले सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत बालबालिकाको उद्धार भएको सार्वजनिक गरेका छन्।

'बिहारबाट अन्य राज्यका मदरसाहरूमा पठाइएका निर्दोष बालबालिकालाई एनसिपिसिआरको निर्देशनमा उत्तरप्रदेश राज्य बाल आयोगको सहयोगमा गोरखपुरमा उद्धार गरिएको छ,' उनले भने, 'भारतको संविधानले हरेक बालबालिकालाई शिक्षाको अधिकार दिएको छ, प्रत्येक बालबालिकाका लागि विद्यालय जानु अनिवार्य छ, यस्तोमा गरिब बालबालिकालाई अन्य राज्यमा लगेर धर्मका आधारमा चन्दा कमाउनका लागि मदरसामा राख्नु संविधानको उल्लंघन हो।' *रासस/एएनआई*

# जापानका प्रधानमन्त्रीले फ्रान्स, ब्राजिल र पाराग्वेका भ्रमण गर्ने

टोक्यो- जापानका प्रधानमन्त्री फुमियो किशिदाले आगामी साता फ्रान्स, ब्राजिल र पाराग्वेको भ्रमण गर्ने भएका छन्। जापानले ल्याटिन अमेरिकासँगको सम्बन्धलाई प्रगाढ बनाउन खोजेको छ। छ दिवसीय भ्रमण कार्यक्रममा प्रधानमन्त्री किशिदाले फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनका साथै ब्राजिलका नेता लुइज इनासियो लुला दा सिल्भासँग पनि भेट गर्ने जापानी प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

'यस वर्ष ब्राजिलले जी-२० को र पेरुले एसिया-प्रशान्त आर्थिक सहयोग (एपिइसी) को अध्यक्षता गरिरहेका छन्, यो ल्याटिन अमेरिकाको वर्ष हो र यसमा विश्वको ध्यान केन्द्रित भएको छ,' सरकारका प्रवक्ता योशिमासा हयाशीले नियमित पत्रकार सम्मेलनमा भने, 'जापानले ल्याटिन अमेरिकी मुलुकहरूसँगको सम्बन्धलाई बलियो बनाउने



यो अवसरलाई सदुपयोग गर्न चाहन्छ।'

जापानी समाचार एजेन्सी क्योदो न्युजका अनुसार लुलासँगको आफ्नो बैठकमा प्रधानमन्त्री किशिदाले जलवायु परिवर्तनदेखि लिएर डिकार्बोनाइजेसन र अन्य वातावरणीय मुद्दामा द्विपक्षीय सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ। निक्की दैनिकका अनुसार हरित प्रविधिहरूमा द्विपक्षीय सहयोगलाई बढाउन ब्राजिलमा थप जापानी लगानी हेर्ने गरी किशिदाले कम्तीमा ४० कम्पनीको प्रतिनिधित्व गर्ने प्रतिनिधिमण्डल लैजाने छन्।

जापानी अटो कम्पनी टोयोटाले गत महिना उसले ब्राजिलमा हाइब्रिड सवारीसाधनको उत्पादन बढाउनका लागि ११ अर्ब रिसिस (दुई अर्ब २० करोड अमेरिकी डलर) लगानी गर्ने योजना बनाइरहेको बताएको थियो। ब्राजिलको भ्रमणअघि किशिदाले 'विभिन्न आर्थिक तथा सामाजिक मुद्दाको समाधानबारेमा छलफलको नेतृत्व गर्न' फ्रान्समा ओइसिडी बैठकमा सहभागिता जनाउने उनको कार्यालयले बताएको छ। *रासस/एएफपी*

# कोका-कोला ब्राण्डेड प्लास्टिक प्रदूषणको सबैभन्दा ठूलो उत्पादक



**क्यानबेरा–** विश्वव्यापी रूपमा वातावरणमा पाइने ब्राण्डेड प्लास्टिक प्रदूषणमध्ये आधाभन्दा बढी ५६ कम्पनीबाट आएको अन्तर्राष्ट्रिय अनुसन्धानले देखाएको छ।

बिहीबार प्रकाशित एक अध्ययनमा अस्ट्रेलियाको राष्ट्रिय विज्ञान एजेन्सी राष्ट्रमण्डल वैज्ञानिक र औद्योगिक अनुसन्धान संगठन (सिएसआइआरओ) लगायत १२ अन्तर्राष्ट्रिय संस्थाहरूले प्लास्टिक प्रदूषणका लागि जिम्मेवारीको पहिलो मापन प्रदान गरेका छन्। चौरासी देशमा फैलिएको पाँच वर्षको प्लास्टिक फोहोर अवलोकन कार्यक्रमको तथ्यांकमा आधारित अनुसन्धानमा सबै ब्राण्डेड प्लास्टिक प्रदूषणको आधाभन्दा बढीका लागि ५६ कम्पनी र १३ कम्पनी प्रत्येक एक प्रतिशतभन्दा बढीका लागि जिम्मेवार रहेको पाइएको छ।

कोका-कोला कम्पनी ब्राण्डेड प्लास्टिक प्रदूषणको सबैभन्दा ठूलो उत्पादक रहेको छ। यसले विश्वव्यापी कूल प्रदूषणमा ११ प्रतिशत योगदान गर्दछ। त्यसपछि पेप्सीको पाँच प्रतिशत, नेस्ले र फ्रान्सेली खाद्य कम्पनी डेनोन प्रत्येकको तीन प्रतिशत रहेको थियो। सबै १३ कम्पनी कम्तीमा एक प्रतिशत खाना, पेयपदार्थ वा सुर्तीजन्य उत्पादनका लागि जिम्मेवार थिए।

'यी खोजले वातावरणमा प्लास्टिक उत्पादन समाप्त हुन्छन् भन्नेबारे नयाँ अन्तर दृष्टि प्रदान गर्दछ र एकल-उपयोग प्लास्टिकलाई सम्बोधन गर्ने समाधानहरूको महत्त्वलाई प्रकाश पार्दछ,' सिएसआइआरओका अनुसन्धानकर्ता क्याथी विलिसले भने, 'यसले नयाँ उत्पादनहरूका लागि विश्वव्यापी माग घटाउने र पुनः प्रयोग गर्ने र मर्मत गर्ने क्षमतालाई बढाउने सुरक्षित र दिगो उत्पादन डिजाइनहरू समावेश गर्दछ।'

समग्रमा अनुसन्धानले वातावरणमा ब्राण्डेड र गैरब्राण्डेड प्लास्टिक प्रदूषणको मात्रा ५०-५० मा विभाजित भएको फेला पारेको छ। विलिसले प्लास्टिक प्रदूषण पत्ता लगाउने क्षमता र जवाफदेहिता बढाउन प्याकेजिङको ब्राण्डिङमा सुधार ल्याउन अन्तर्राष्ट्रिय मापदण्डका लागि आग्रह गरे। *रासस/सिन्ह्वा*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०१/१६

यस कम्पनीको मिति २०८१/०१/१२ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **समय इको ट्रेक प्रा.लि. (प्रा.लि. नं. ३३४७६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **समय ट्रेक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## काठ लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति :२०८१/०१/१६**

यस कार्यालयबाट आ.व. २०८०/०८१ मा वेवारिसे वरामद तथा वन मुद्दामा बरामद भएको साल, खयर लगायतको गोलिया र टुक्रा थान २१५ को ५०७.१५ घ.फी र २८ के.जी. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितीले १५ औं दिन कार्यालय समय भित्र श्री वन निर्देशनालय, बुटवल रूपन्देही वा डिभिजन वन कार्यालय, दाङ (दाङ) मा प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी १६ औं दिन दिनको १२.०० बजे भित्र डिभिजन वन कार्यालय, दाङ (दाङ) घोराहीमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना कार्यालयको सूचनापा टीमा टाँस गरिएको छ।

**सिनियर डिभिजन वन अधिकृत**

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सुचना

**सुचना प्रकाशित मितिः– २०८१/०१/१६**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमका सिलबन्दि दरभाउपत्र आह्वानको सुचना नगरपालिको **Website, https://panchapurimun.gov.np/** र **https://www.bolpatra.gov.np/egp/** मा रहेको सुचना बमोजिम रहेको सम्बन्धित सरोकारवालाहरुमा अनुरोध छ।

तपसिल

| S. No. | Contract Identification No | *Description of Work* | Estimated Amount (NRS.) [Without VAT] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PMO/SKT/SQ/WORKS/ROAD/080/081-20 | Palaite Bazar Dekhi Sivashakti dham samma sadak marmat Panchapuri-02,surkhet | *8,58,253.76* | 22,000 | 45 Days | 1000 | |
| 2 | PMO/SKT/SQ/WORKS/ROAD/080/081-21 | Rangashala Hude Wada No 06 Wada Karyalya Samma sadak Nirman Panchapuri-06,surkhet | *12,74,516.06* | 32,000 | 45 Days | 1000 | |
| 3 | PMO/SKT/SQ/WORKS/ROAD/080/081-22 | Palliate Kitchen Tati Jangala sadak Nirman Panchapuri-02, Surkhet | *12,74,576.27* | 32,000 | 45 Days | 1000 | |

**प्रमुख प्रशासकिय अधिकृत**

## Shivanath Rural Municipality
## Office of the Rural Municipal Executive
**Shivanath, Baitadi**

### INVITATION FOR THE SEALED QUOTATION

**Date of publication: April 28th, 2024 (2081/01/16)**

1. ***Shivanath Rural Municipality, Office of the Rural Municipal Executive*** invites Electronic sealed Quotation from eligible bidders for the Supplying of Goods mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Estimated Amount Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 01/SRMUN/GOODS/2080/081 | Procurement Of Goods (Supply and Delivery Of Sanitary Pad) | 11,67,483.33 | 40,000.00 | 1000.00 | • Hard Copy Not Acceptable<br>• Last Date and Time of Bid Submission:-May 13th, 2024 (2081/01/31) 12:00 Noon<br>• Date and Time of Bid Opening: May 13th, 2024 (2081/01/31) 13:00 Hours. |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Sullekhan, Baitadi, Email: ito.shivanathmun@gmail.com, Phone no.9865622964 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal SBI Bank, Shivanath, Baitadi, Name of Office: Shivanath Rural Municipality, Office Account no.: **41895241207004** (Internal Revenue Account).The scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 Noon on 2081/01/31 (May 13th, 2024).Bids received after this deadline will be rejected.
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bidders should submit the original sample of sanitary pad within the bid submission date to the office of Rural Municipality, Shivanath Baitadi.


**Chief Administrative Officer**


प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३७२०० | प्रति तोला – १३६५५० | प्रति तोला – १६७५ |





काठमाडौंको कमलपोखरी परिसर छेउमा ढकमक्क फुलेका ज्याकाराण्डा फूल । यतिबेला काठमाडौं उपत्यकाका सडक किनारामा ज्याकाराण्डा फूल फुल्दा मनमोहक दृश्य देखिएको छ ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# १२ वर्षमा ऊर्जाका लागि ६१ खर्ब लगानी आवश्यक

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ग्रिन इनर्जी प्रोजेक्ट्स यज ए पाथवे टु प्रोस्पेरिटी' विषयक प्राविधिक सत्रका वक्ताहरूले सरकारले राखेको विद्युत् उत्पादनको लक्ष्य प्राप्ति गर्न १२ वर्षमा रु ६१ खर्ब लगानी आवश्यक रहेको बताएका छन् ।

हिमालयन हाइड्रो एक्स्पो २०२४ को अन्तिम प्राविधिक सत्रमा विद्युत् उत्पादनको लक्ष्य र लगानीको उपलब्धताबारे छलफल भएको थियो । उक्त सत्रका वक्ताहरूले १२ वर्षमा देशभित्रबाट अधिकतम रु २० खर्ब मात्रै ऊर्जा क्षेत्रमा लगानी हुन सक्ने बताउनुभयो । बाँकी लगानी कसरी जुटाउने भन्ने विषयमा छलफल भएको हो ।

कार्यपत्र प्रस्तुत गर्दै नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) का पूर्वप्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडाले ऊर्जा क्षेत्रमा अहिलेसम्म देशभित्रकै रु चार खर्ब लगानी भएको र सरकारको ऊर्जा विकासको लक्ष्य हासिल गर्न अबको १२ वर्षमा रु ६१ खर्ब थप लगानी आवश्यक रहेको बताए । 'यो लगानी उपलब्ध गराउन देशभित्रैबाट अधिकतम रु १९ खर्ब ३८ अर्ब लगानी हुन सक्छ तर बाँकी लगानी ल्याउन वैदेशिक लगानी र वित्तीय औजार प्रयोग गर्नुपर्ने हुन्छ,' उनले भने, 'सरकारले सन् २०३५ भित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । नेपालमा भारतीय लगानीकर्ताले आयोजना विकास गर्न खोज्दा अन्तर्राष्ट्रिय वित्तीय निकायले सहजता महसुस गर्ने गरेकाले पछिल्लो समय भारतीय लगानीकर्ता नेपाल केन्द्रित भएका छन् ।'

हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतमले कार्यपत्र प्रस्तुत गर्दै सन् २०३० सम्ममा करिब रु ५० खर्ब लगानी भइसक्नुपर्ने जानकारी दिए । अहिले बैंकिङ प्रणालीसँग ६१ अर्बको पूँजी रहेको भए पनि ऊर्जा क्षेत्रमा ठूलो लगानी आउने सम्भावना नरहेको उनको भनाइ छ । 'किनकि बैंकहरूले छोटो अवधिको बचतलाई स्वीकार्ने भएकाले जलविद्युत्मा हुने दीर्घकालीन लगानी रोजाइमा पर्दैन,' उनले भने, 'लगानी स्रोतका रूपमा एचआइडिसिएल, निफ्रालगायत समर्पित संस्थाहरू र विप्रेषण हुनसक्छ ।'

उनले समग्रमा देशभित्रबाटै लगानीका लागि तोकिएको अवधिसम्ममा अधिकतम रु २० खर्ब उठाउन सकिने सम्भावना रहेको उल्लेख गरे । त्यसबाहेक लगानी ल्याउन सकिने क्षेत्रमा गैरआवसीय नेपाली र वैदेशिक लगानी रहेको छ । सरकारले जलविद्युत्मा लगानी वृद्धि गर्न पूर्वसर्तका रूपमा विद्युत् उत्पादनको लक्ष्यलाई साझा लक्ष्य बनाउनुपर्ने, नियमन र शासकीय सुधार, ऊर्जा मिश्रणमा स्पष्टता, सहज वातावरण तथा स्पष्ट लगानी योजनामा ध्यान दिनुपर्ने गौतमले बताए । इन्टरनेसनल हाइड्रो एसोसिएसनका उपाध्यक्ष सुशील पोखरेलले वैदेशिक लगानी ल्याउन नीतिगत, प्रक्रियागत तथा वातावरण बनाउने विषय महत्वपूर्ण रहेको बताए । 'वैदेशिक लगानीकर्तालाई आकर्षित गर्न लगानीका लागि दिइने सेवासुविधा आकर्षक हुनुपर्छ,' उनले भने ।

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले आसन्न लगानी सम्मेलनमा जलविद्युत् आयोजनाको उपस्थिति संख्यात्मक रूपमा धेरै रहेको र उच्च प्राथमिकतामा राखिएको बताए । जलाशययुक्त र अर्ध जलाशययुक्त आयोजनालाई अघि बढाउन सम्मेलनमा छलफल हुनेछ । कार्यकारी अधिकृत भट्टले लगानीकर्तालाई सहजीकरण गर्न लगानी बोर्डको स्थायित्व अनिवार्य रहेको र स्थायी कर्मचारी नियुक्तिका लागि बाटो खोलिने जानकारी दिए ।

अन्तर्राष्ट्रिय वित्त कोष (आइएफसी) का प्रतिनिधि भीष्म पण्डितले सरकार र निजी क्षेत्र दुवै विद्युत् उत्पादनमा केन्द्रित भइरहेको बताए । यसले वैदेशिक लगानी ल्याउन नसक्ने उनको भनाइ छ । 'प्रसारण लाइन, वितरण प्रणाली, बजार र अन्य सहज वातावरण जस्ता पूर्वाधार भयो भने मात्र लगानी आउन सक्छ,' उनले भने ।

यसका लागि नीतिगत सुधार र संशोधन अत्यावश्यक भएको पण्डितको भनाइ छ । प्रसारण लाइन र विद्युत् व्यापारमा निजी क्षेत्रलाई खुला गर्दा लगानी ल्याउन सहज हुने उनको बुझाइ छ । कुन परियोजना सरकारले निर्माण गर्ने, कुन निजी क्षेत्र र कुन वैदेशिक लगानीमा निर्माण गर्ने भन्नेमा स्पष्टता आवश्यक रहेको उनले बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सन् २०३५ भित्र साढे २८ हजार मेगावाट विद्युत् उत्पादन आवश्यकता र यथार्थमा आधारित भएको बताए । 'सरकारी लक्ष्य हासिल गर्न जलविद्युत् उत्पादनको अनुमति लिएका, अध्ययन अनुमति लिएका, वित्तीय व्यवस्थापन भएकालगायत आयोजना नै करिब ३० हजार मेगावाट बराबरका योजना छन्,' उनले भने, 'यसबाहेक सौर्य ऊर्जा, विद्युत् प्राधिकरणले विद्युत् बिक्रीबाट हुने नाफा रकमको लगानी, निजी क्षेत्र, विप्रेषणलगायत क्षेत्रबाट लगानी भई लक्ष्य हासिल गर्न सकिन्छ ।' नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनिल केसीले ऊर्जा क्षेत्रमा लगानी अभाव रहेको र 'त्यो स्रोत बैंकिङ प्रणालीबाट मात्रै पूरा नहुने बताए । 'आवश्यक लगानी ल्याउनका लागि वैकल्पिक उपाय खोज्नुको विकल्प छैन,' उनले भने, ।

बाहिरबाट वित्तीय औजारको प्रयोग गरेर ल्याउन लगानीमा पनि ब्याजदरलगायत विषयले विषय निर्धारण गर्नेछ । साथै 'कन्ट्री रेटिङ' भइसकेपछि लगानीका लागि एउटा निश्चितता आउने अध्यक्ष केसीको भनाइ छ ।

# 'बजेटले सुदूरपश्चिम र कर्णालीको सन्तुलन कायम गर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आगामी आर्थिक वर्षको बजेटले अरु प्रदेशसरह सुदूरपश्चिम र कर्णाली प्रदेशको सन्तुलन कायम गरिने बताएका छन् ।

राजधानीमा आयोजित एक कार्यक्रममा मन्त्री भण्डारीले विगतका बजेटमा सुदूरपश्चिम र कर्णालीलाई अन्य प्रदेशभन्दा अनुपातका हिसाबले कम बजेट विनियोजन हुने गरेको बताए । उनले अबको बजेटमा सरकारले केही हदसम्म भए पनि सबै प्रदेशको सन्तुलनता कायम गरिने उल्लेख गरे ।

सरकारले अहिले देशमा भएका जडीबुटी, ऊर्जा, पर्यटन, कृषि तथा खानी उत्खननका माध्यमबाट देशलाई समृद्धिको बाटोमा अगाडि लैजान खोजेको उल्लेख गर्दै मन्त्री भण्डारीले ती सबै कुराको सुदूरपश्चिममा प्रचुर सम्भावना रहेको बताए । उनले सुदूरपश्चिमका स्रोतसाधनको सरकारले उच्चतम उपयोग गर्नेमा जोड दिए ।

सरकार सहकारीभित्रका समस्या चाँडै सम्बोधन गरेर निजी क्षेत्रसँगको सहकार्यमा देशको अर्थतन्त्रलाई चलायमान बनाउन अगाडि बढेको उनको भनाइ छ । मन्त्री भण्डारीले उद्योग मन्त्रालयमा थन्किएर रहेका उद्योग तथा व्यापारसँग सम्बन्धित नीति तथा कानुनलाई आफूले कार्यान्वयनको चरणमा लैजान हरसम्भव प्रयास गरिरहेको बताए ।

कार्यक्रममा उनले आफूले सम्हालेको मन्त्रालयमा कुनै पनि गलत काम नगरी पार्टी र जनताको सर्वोपरि हित हुने काम गर्ने प्रतिबद्धता जनाए ।

# निर्माण सामग्री अभावले पूर्वाधारका योजना प्रभावित

**पर्वत (प्रस)–** निर्माण सामग्री अभावमा पर्वतमा सडक, खानेपानी र सिँचाइका सयौँ योजना प्रभावित बनेका छन् । संघीय सरकार र प्रदेश सरकार अन्तर्गतका ती योजना निर्माण सामग्री अभावले प्रभावित बनेका हुन् ।

ढुंगा, बालुवा, गिट्टीजस्ता नदीजन्य सामग्रीको अभावमा योजनाका काममा ढिलासुस्ती भएको हो । धेरैजसो योजना सामग्री अभावकै कारण सम्झौता अवधि सकिँदा समेत प्रगति न्यून छ । पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख गुरुदत्त अधिकारीले नदीजन्य निर्माण सामग्रीको अभावले थुप्रै योजना सम्पन्न हुन नसकेको बताए । नदीजन्य वस्तुका लागि पर्वतमा दुईवटा मुख्य स्रोत थिए । एउटा कालीगण्डकी र अर्को मोदीखोला । कालीगण्डकीबाट ढुंगा, बालुवा उत्खनन गर्न विगत तीन वर्षदेखि सर्वोच्च अदालतले रोक लगाएको छ । अर्कोतर्फ मोदीखोलाको अधिकांश भागमा जलविद्युत् आयोजना निर्माण भइरहेकाले ढुंगा र बालुवा उत्खननमा समस्या छ । कास्की, तनहुँ, म्याग्दीलगायत जिल्लाबाट निर्माण सामग्री ढुवानी गरेर पर्वतका योजनाहरूमा प्रयोग गर्ने गरिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

उनका अनुसार चालु आर्थिक वर्षका लागि संघ र प्रदेशका गरी एक सय ५२ वटा योजना कार्यान्वयनमा छन् । तीमध्ये ६६ वटा योजना सम्पन्न भइसकेका छन् । संघीय सरकारका आठवटा ठूला योजना ठेक्का प्रक्रियामा रहेको उनले बताए । बाँकी योजनाहरूमा ग्राभेल, बेस, चिप्स अभाव हुँदा ठेकेदारहरूले समयमै सम्पन्न गर्न नसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

# सानिमा बैंकद्वारा दुर्घटना बिमाको रकम हस्तान्तरण



**काठमाडौं (प्रस)–** सानिमा बैंकले सानिमा सुपर सेभिङ खाता अन्तर्गत रु. १० लाखको दुर्घटना बिमा दाबी रकम हस्तान्तरण गरेको छ । यस बैंकका खातावाला राजेन्द्र पिठाकोटीको दुर्घटना भई मृत्यु भएकाले बिमा रकम हस्तान्तरण गरिएको हो । सानिमा बैंकको तर्फबाट हेटौंडा शाखाका शाखा प्रबन्धक रोशन मल्ल र बिमा प्रदायक कम्पनी सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको तर्फबाट हेटौंडा शाखाका शाखा प्रबन्धक मुना पौडेलले संयुक्त रूपमा बिमा रकम हस्तान्तरण गरेकी छिन् ।

दुर्घटनाका कारण मृत्यु भएका राजेन्द्र पिठाकोटीले सानिमा बैंकको हेटौंडा शाखामा सानिमा सुपर सेभिङ खाता खोलेका थिए । सानिमा बैंकले सानिमा सुपर सेभिङ खाता अन्तर्गत रु. १० लाखको दुर्घटना बिमा, रु. १० हजारसम्मको ओ.पि.डि. भुक्तानी शुल्क सहितको रु. ५० हजारसम्मको औषधी उपचार बिमा र रु. ५ हजारको वार्षिक स्वास्थ्य परीक्षण सुविधाका साथै अन्य थुप्रै सेवाहरूमा छुट प्रदान गर्दै आइरहेको छ । सानिमा बैंकको देशका सातै प्रदेशमा १३३ वटा कार्यालय तथा १२४ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

# एनआइसी एसियाका सहायक प्रमुख कार्यकारी अधिकृतमा खनिया



**काठमाडौं (प्रस)–** एनआइसी एसिया बैंक लिमिटेडको सहायक प्रमुख कार्यकारी अधिकृत पदमा अर्जुनराज खानिया बढुवा भएका छन् । बैंकका प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेले शुक्रबार एक विज्ञप्ति जारी गर्दै सो जानकारी गराएका छन् ।

यसअघि सोही बैंकको सहायक महाप्रबन्धक पदमा कार्यरत रहेका खनिया सन् २००४ देखि बैंकिङ क्षेत्रमा प्रवेश गरेका हुन् । खनियासँग विभिन्न शाखाहरू, विभागहरू एवम् इकोसिस्टमहरूमा काम गरी २० वर्ष भन्दा लामो अनुभव संगालेका छन् ।

सन् २००४ मा नेपाल बैंक लिमिटेडमा आन्तरीक लेखापरीक्षकको रूपमा नायब प्रबन्धकमा नियुक्त भएर वाणिज्य बैंकको यात्रा सुरु गरेका खनियाले सन् २०१० मा तत्कालिन बैंक अफ एसिया नेपाल लिमिटेडमा शाखा प्रमुखको रूपमा नियुक्त भएका थिए । तत्पश्चात यस बैंकका विभिन्न विभाग तथा इकोसिस्टमहरूमा प्रमुखको रूपमा नेत्तृत्वदायी भुमीकामा रही बैंकको व्यवसायिक रणनीति निर्माण एवम् कार्यान्वयनमा अतुलनीय योगदान दिएका खनिया हाल बैंकको स्ट्राटेजिक पर्फमेन्स म्यानेजमेन्ट इकोसिस्टम-एक्सपिरियन्स असुरेन्स इकोसिस्टम प्रमुख, प्रमुख सूचना अधिकारी, प्रमुख गुनासो सुन्ने अधिकारीको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

बैंकको विभिन्न विभागहरू तथा इकोसिस्टमहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै बैंकको ट्रान्सफरमेन्स जर्नीमा अतुलनिय योगदान दिई आफ्नो सफल जिम्मेवारी निर्वाह गरेका खनियालाई बैंकले दिएको यस नयाँ जिम्मेवारीले बैंकलाई थप उचाई हासिल गरी, उच्च व्यवसायिक सफलता प्राप्त गर्न योगदान गर्ने छ भन्ने पूर्ण विश्वासका साथ वहाँलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछौं ।

सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरूः

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले टोकेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं

नेपाल सरकार
विज्ञापन बोर्ड

शैल्यशिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला

नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।
२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।
३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।
४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ